जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७

Disaster Preparedness and Response Plan 2020

(चौथौं अध्यावधिक)

समन्वय, खोज तथा उद्धार

खाद्य तथा जिविकोपार्जन

आपत्कालीन आवास तथा गैह्खाद्य

स्वास्थ्य र पोषण

आपतकालिन शिक्षा

खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्धन

संरक्षण

पूर्वाधार (पुर्नलाभ तथा पुनःस्थापना)

जिल्ला विपद् व्यवस्थापन समिति, बाँके

जेष्ठ, २०७७

दस्तावेज : जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७
(Disaster Preparedness and Response Plan 2020)

(चौंधौं अद्यावधिक २०७७), बाँके

प्रकाशक : जिल्ला विपद् व्यवस्थापन समिति, बाँके



प्रकाशन मिति : २०७७ असार १ गते
सर्वाधिकार : प्रकाशकमा

विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७७ अद्यावधिक कार्यदल

संयोजक : श्री दिर्घराज उपाध्याय - स.प्र.जि.अ.जिल्ला प्रशासन कार्यालय बाँके,
सदस्य : श्री दोलख बहादुर डाँगी, बरिष्ठ अधिकृत नेपाल रेडक्रस सोसाइटी बाँके,
सदस्य : श्री गौरीलाल बुढाथोकी, सूचना व्यवस्थापन अधिकृत, नेपाल रेडक्रस सोसाइटी मार्फत DEOC बाँके,
सदस्य : श्री हरिशचन्द्र शर्मा, प्रशासकिय अधिकृत/विपद् फोकल पर्सन जिल्ला प्रशासन कार्यालय बाँके,
सदस्य : श्री राम निवास यादव, कार्यक्रम सँयोजक भेरी वातावरणिय तथा बिशिष्टता समूह बाँके,

सहयोग : श्री सन्तोष बोहरा (नेपाल रेडक्रस सोसाइटी, बाँके, अर्जुन कार्की आन्तरिक मामिला कानुन मन्त्रालय ५ नं प्रदेश मार्फत DEOC

आर्थिक तथा प्राविधिक सहयोग

: नेपाल रेडक्रस सोसाइटी, बाँके जिल्ला शाखा (DLSA)
: कियर नेपाल र भेरी वातावरणिय तथा बिशिष्टता समुह (BEE-Gruop)

प्रथम प्रकाशन मिति : २०६३ (२००६)

अद्यावधिक : १४औं संस्करण, २०७७ जेष्ठ

प्रकाशक : जिल्ला विपद् व्यवस्थापन समिति, बाँके

फोन : DAO-०८१-५२०१८८ DEOC-५२७०६८

टोल फ्रि नं. : १६६०८१५२०१०

फ्याक्स : ०८१-५२०६७६

सर्वाधिकार : जिल्ला प्रशासन कार्यालय, जिल्ला विपद् व्यवस्थापन समिति, बाँके

जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७७/०३/०१ को बैठकबाट स्विकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बाँके, नेपालगञ्ज

०८१-५२०१८८
०८१-५२०२९०
०८१-५२७०६९
फ्याक्स: ०८१-५२०६७६

शुभकामना

विश्वमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमणले महामारीको रुप लिए पश्चात नेपालमा पनि संक्रमण फैलिन सक्ने अवस्थालाई मध्य नजर राख्दै यसको रोकथाम र नियन्त्रणका लागि नेपालले पनि मिति २०७७ चैत्र ११ गते देखि लगाएको बन्दाबन्दी यस जिल्लामा पनि शुरु भयो तथापी खुला नाका र भारतबाट आउने नागरिकको चाप दिन प्रति दिन बढ्दाको कारण यस जिल्लामा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण हवातै वृद्धि भयो । ३५२ जनामा यसको संक्रमण देखियो, २ जनाको मृत्यू भयो भने संक्रमण वृद्धि हुने क्रम जारी नै छ । जसका कारण जनमानसमा फैलिएको त्रासलाई कमी गर्दै क्वारेन्टाईन र ईसोलेसन व्यवस्थापन एक चुनौतीका रुपमा रहेको बेला अर्को तिर यस वर्षको मनसुनको पूर्वतयारी र प्रतिकार्यलाई पनि सहजिकरण एवम व्यवस्थापन गर्नु हामी माझ अर्को चुनौती रहेको छ ।

विगत देखि वर्तमानलाई हेर्दा बाँके जिल्ला बाढी, आगलागी, हावाहुरी, शितलहर, खडेरी, चट्याङ जस्ता विपद्हरुका दृष्टिकोणबाट अति नै जोखिममा छ भने बाढी एक प्रमुख प्रकोप रहेको जिल्ला हो जसबाट ठुलो धनजनको क्षती हुनुकासाथै भौतिक पूर्वाधारलाई असर पुऱ्याउदै कैयौं बस्ती विस्थापित हुदै आएका छन । विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ (ससोधित ऐन २०७६) पारित भै आउंदा पनि समस्याहरु प्रभावकारी सम्बोधन हुन कठिनाई भैरहेको सन्दर्भमा विपद्को कारण हुने मानवीय तथा भौतिक क्षतिको मात्रालाई कम गर्न जिल्ला स्तरमा पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरि कार्यान्वयन हुन जरुरी छ । प्रकृति र प्राकृतिक विपद्संग लड्नु भन्दा पनि सावधानी अपनाउंनु बुद्धिमानी हुने विषयलाई मध्यनजर राख्दै नेपालमै पहिलो पटक बाँके जिल्लाबाट शुरु गरिएको यो अभ्यास **"विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७"** राष्ट्रिय विपद् प्रतिकार्य कार्यढांचा २०७० (प्रथम संशोधन २०७५) को मार्गदर्शनमा आधारित भएर यो वर्षपनि अद्यावधिक गर्ने प्रयास स्वागत एवम् अनुशरणिय छ र यसले विपद् पूर्वतयारी तथा प्रतिकार्यमा महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास लिएको छु ।

बाँके जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको १४औं संशोधित योजनाको रुपमा प्रकाशनमा आउंदा म ज्यादै हर्षित छु । विगतका वर्षहरुमा यस जिल्लामा भएका विपद्हरुबाट धेरै जनधनको क्षति व्यहोर्नु परेको तितो अनुभव हामी सबैलाई अवगत छ त्यसमा पनि २०७१, २०७४ को बाढी अहिलेसम्मको ठुलो विपद्को हो । विगतमा विपद्का कारणबाट प्रभावित भएका समुदायमा खोज तथा उद्धार एवं राहतका गतिविधिहरु एकद्वार प्रणालीमा संचालन गर्नकालागि प्रतिकार्य योजनाले ठुलो टेवा पुऱ्याएको हामीले महसुस गरेका छौ र स्थानिय तहहरुमा निर्माण हुने विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई पनि थप टेवा पुग्नुकासाथै भविष्यमा हुनसक्ने विपद् प्रतिकार्यमा पनि सहयोग पुग्ने विश्वास लिएको छु ।

यस जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने सबै राजनैतिक दलका प्रतिनिधिहरु, सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, सम्बन्धित विषयगत क्षेत्रका प्रमुख तथा सदस्यहरु, संचारकर्मीहरु, बुद्धिजीवी वर्गलाई धन्यवाद ज्ञापन गर्दछु । साथै यस योजना तयार पार्ने क्रममा सहजिकरण तथा प्राविधिक सहयोग पुऱ्याउने नेपाल रेडक्रस सोसाइटी बाँके जिल्ला शाखा, सेभ द चिल्ड्रेन, भेरी वातावरणीय विशिष्टता समुह (विग्रुप) र जिल्ला आपतकालिन कार्य संचालन केन्द्रका सूचना व्यवस्थापन अधिकृत गौरीलाल बुढाथोकीलाई समेत धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा यो योजना आफैमा एक दस्तावेज भएकाले यसलाई सम्बद्ध सबै निकाय र क्षेत्रहरु योजना अनुरुप आ-आफ्नो जिम्मेवारीका साथ विपद् व्यवस्थापनकोलागि तयारी अवस्थामा रहने र कार्यान्वयनमा ल्याउने अपेक्षा गर्दछु ।

धन्यवाद

राम बहादुर कुरुम्बाङ्ग
प्रमुख जिल्ला अधिकारी
एवं अध्यक्ष
जिल्ला विपद् व्यवस्थापन समिति, बाँके

राम बहादुर कुरुम्बाङ्ग
प्रमुख जिल्ला अधिकारी

Nepal Red Cross Society
Banke District Chapter

Nepalgunj Sub Metropolitan City-9
Bankebagiya
Phone : +977-081-520104, 521256
Fax : +977-081-520238
E-mail : banke@nrcs.org
Website : http://www.nrcs.org

Ref. No. ३०६६/०६६

२०७७/०३/०१

शुभकामना

मानवीय सहायताका क्षेत्रमा बिभिन्न गतिविधिहरु संचालन गर्दै आएको विश्वव्यापी संस्था रेडक्रसले विपद् व्यवस्थापन तथा समुदाय उत्थानशिलता सम्बन्धी धेरै कार्यक्रमहरू अभियानका साझेदार राष्ट्रिय सोसाइटीहरू एवं द्विपक्षीय साझेदारहरुसँगको सहकार्यमा समेत संचालन गर्दै आइरहेको छ । २०२० भाद्र १९ गते नेपालमा स्थापित नेपाल रेडक्रस सोसाइटीको बाँके जिल्ला शाख २०२४ सालमा स्थापना भएको र यसले आफ्नो स्वर्णजयन्ती वर्ष समेत मनाईसकेको छ । विपद्-व्यवस्थापनको क्षेत्रमा रेडक्रसले महत्वपूर्ण योगदान गर्दै आएको छ । देशभरका ७७ जिल्ला शाखा र स्थानिय स्तरमा क्रियाशिल १५०० भन्दा बढी उपशाखाहरु मार्फत संगठन विकास, स्वास्थ्य सेवा र विपद्-व्यवस्थापन एवं अन्य सेवाहरू संचालन गर्दै आएको छ ।

नेपाल रेडक्रस सोसाइटीले विपद् व्यवस्थापन तथा मानवीय सहायताका क्षेत्रमा सरकारको सहयोगीका रूपमा नेपालभर कार्य गर्दै आएको छ । यसैक्रममा नेपाल रेडक्रस सोसाइटी र जिल्ला विपद् व्यवस्थापन समिति बाँकेको सहकार्य निरन्तर भईरहेको छ र भबिष्यमा निरन्तर रहने छ । जसका लागि जिल्ला आपतकालिन कार्यसंचालन केन्द्रमा रेडक्रसको तर्फबाट सन् २०१५ देखि १ जना सूचना व्यवस्थापन अधिकृतको व्यवास्थापन गरी विपद् व्यवस्थापनको क्षेत्रमा भए गरिएका कामहरुको सूचना ब्यवस्थपन एवं अन्य प्राविधिक सहयोग र सहकार्य गरिरहेको छ । विपद् व्यवस्थापनका क्षेत्रमा जिल्ला स्थित विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंगको सहकार्य उपलब्धिमूलक देखिएको अनुभव विगतका बाढी विपद् प्रतिकार्य गर्ने क्रममा प्राप्त अनुभव र सहकार्यले स्पष्ट पारेको छ । विपद् प्रतिकार्यलाई अझै प्रभावकारी बनाउन सन् २००६ देखि जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना प्रकाशन हुँदै आएको र यस कार्यमा नेपाल रेडक्रस सोसाइटी बाँके जिल्ला शाखाको सहभागिता नियमति रुपमा भैरहेको छ । यो योजनालाई अद्यावधिक गरि प्रकाशन गर्न जिल्ला विपद् व्यवस्थापन समितिको अगुवाईमा नेपाल रेडक्रस सोसाइटी र सेभ द चिल्ड्रेनले सहयोगी निकाय (District Lead Supporting Agency-DLSA) को रुपमा प्राविधिक सहयोगमा गर्दै आएका छौं ।

विपद् प्रतिकार्य योजनाको आधारमा बाँके जिल्लामा क्षेत्रगत अगुवा निकायहरुको नेतृत्वमा विपद् प्रतिकार्यका कार्यहरू हुँदै आएको स्मरण गर्न चाहन्छौ । सोही अभ्यासको निरन्तरता स्वरुप यो योजना प्रकाशनका लागि सहकार्य गर्ने अगुवा निकाय, सरकारी, गैरसरकारी एवं संयुक्त राष्ट्र संघीय निकायहरु, नेपाल रेडक्रस सोसाइटी बाँके शाखा अन्तर्गतका उपशाखाहरू, स्थानीय विपद् व्यवस्थापन समितिहरु, स्थानीय स्वयंसेवक, अन्य सरोकारवाला निकाय प्रति अभार प्रकट गर्दछौ । आशा एवं विश्वास छ बाँके जिल्लामा विगतमा भएका र भविष्यमा हुनसक्ने विपद्लाई मध्यनजर गरी तयार पारिएको यो प्रतिकार्य योजनाले विगतको भन्दा अझ प्रभावकारी रुपमा विपद् प्रतिकार्य गर्न उपयुक्त मार्गदर्शन गर्नेछ र प्रतिकार्यका काम कार्यवाहीलाई अझ द्रुत रुपमा संचालन गर्न यो योजना सहयोगी हुनेछ ।

धन्यवाद ।

भवदीय

गोवर्धन सिंह सम्झना
सभापति

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४(पहिलो संशोधित २०७६) का अनुसारः



विषयसूची :

परिच्छेद : १ पृष्ठभूमि

क्र.स.	विषय/शिर्षक	पेज नं.
१	कार्यकारी साराँश	१-३
२	यस वर्षको मौसम पूर्वानुमान	३
३	जिल्लाको सामान्य जानकारी तथा पृष्ठभूमि	४-५
४	बाँके जिल्लाको नयाँ संरचना अनुसारको भौगोलिक विवरण बिभाजन	५-६
५	बाढीबाट उच्च जोखिममा रहेका क्षेत्रहरु	७
६	विपद्को तह	७-८
७	योजनाको औचित्य	८
८	योजनाको उद्धेश्य	८-९
९	अनुमोदन तथा योजना अद्यावधिक गर्दा अवलम्बन गरिएको प्रक्रिया	९
१०	परिस्थिति तथा योजना तर्जुमा सम्बन्धी पूर्वानुमान	१०-११
११	कोरोना भाइरस (कोभिड-१९) रोकथाम, पूर्वतयारी र प्रतिकार्य	११-१४
१२	प्रकोप दृष्टिकोणमा लक्ष्मणपुर बाँधले ल्याउन सक्ने सम्भवित बाढी विपद	१५
१३	सिक्टा सिचाई आयोजना र यसको प्रभाव	१५-१६
१४	जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र स्थापना र यसको भूमिका	१६
१५	स्थानिय तहहरुको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको अवस्था	१७
१६	नयाँ संरचना अनुसार बाँके जिल्लाको विपद् जोखिम विश्लेषण	१७-१८
१७	वि.सं.२०७७ (सन्२०२०) को लागि प्रतिकार्य योजना लक्ष्य निर्धारण	१८-२०
१८	क्षेत्रगत अगुवा निकायका प्रमुख र सर्म्पक व्यक्तिहरू	२०-२१
१९	क्षेत्रगत निकायहरूले विपद् प्रतिकार्यका लागि प्रस्ताव गरेको अनुमानित बजेट सांराश	२१

परिच्छेद : २ क्षेत्रगत प्रतिकार्य योजना

क्र.स.	विषय/शिर्षक	पेज नं.
१	समन्वय, खोज तथा उद्धार	२३-३१
२	अस्थायी आवास तथा गैरखाद्य	३१-३२
३	खाद्यान्न व्यवस्थापन	३३-३७
४	कृषि तथा जीविकोपार्जन	३७-४१
५	खानेपानी, सरसफाई तथा स्वच्छता	४१-४४
६	स्वास्थ्य र पोषण	४४-४९
७	संरक्षण	४९-५७
८	शिक्षा व्यवस्थापन	५७-५९
९	पूर्वाधार विकास	५९-६१

परिच्छेद : ३ कार्यान्वयन र पुनरावलोकन रणनीति

क्र.स.	विषय/शिर्षक	पेज नं.
१	विपद् प्रतिकार्य पूर्वतयारी योजना क्रियाशील हुने	६१
२	विपद् प्रतिकार्य पूर्वतयारी योजनाको कार्यान्वयन	६१
३	विपद् प्रतिकार्य पूर्वतयारी योजनाको नियमित समीक्षा तथा अद्यावधि	६१

परिच्छेद : ४ प्रतिवेदन तथा अभिलेखन

क्र.स.	विषय/शिर्षक	पेज नं.
१	प्रतिवेदन तथा संचार	६३
२	संस्थागत व्यवस्था	६३
३	अभीलेखिकरण	६३
४	अनुमोदन प्रक्रिया	६३-६४
५	सन्दर्भ सामग्री पुनरावलोकन	६४-६७
६	पूर्वसूचना प्रणाली	६४-६७

अनुसूचीहरु

क्र.स.	विषय/शिर्षक	पेज नं.
१	बाढी पूर्वानुमानमा आधारित कार्यविधि	६८-७०
२	विपद् प्रतिकार्य तथा मानविय सहायताको क्षेत्रमा क्रियासिल साझेदार निकायहरुको सुची	७०-७१
३	विपद् प्रारम्भिक द्रुत लेखाजोखा फाराम	७१-७३
४	विस्तृत सर्वेक्षण (घरधुरी सर्वेक्षण) फाराम	७४-७६
५	जिल्ला स्थित एम्बुलेन्स सेवा र बारुण यन्त्रको विवरण	७७-७८
६	कार्यपालिका सदस्यहरुको विवरण	७८-८३
७	स्थानिय तह, प्रमुख प्रशासकिय अधिकृत, विपद् समन्वय मुख्य सम्पर्क व्यक्तिहरुको सम्पर्क नम्बरहरु	८४
८	नेपाल रेडक्रस सोसाइटी उपशाखाहरुको विवरण र कार्यक्षेत्र	८४-८५
९	रेडियो एफ.एम.हरुको सम्पर्क विवरण	८५
१०	संचार माध्यम (टेलिभिजन तथा पत्रपत्रिकाको सम्पर्क) विवरण	८६
११	यातायात (प्रभावित हुन सक्ने गापा, नपा देखि सदरमुकाम सम्मको पहुँच)	८६-८७
१२	सुरक्षा निकायहरुको सम्पर्क विवरण	८७-८८
१३	अस्पताल संख्या र समता विवरण	८८-८९
१४	जिल्ला आपतकालिन कार्यसँचालन केन्द्रसँग सम्बन्धित र क्रियासिल राजनैतिक दल	८९-९०
१५	जिल्ला अगुवा सहयोगी सँस्था (DLSA) बारे जानकारी:	९०
१६	बाँके बाढी पूर्व सूचान प्रणाली	९१

शब्द-संक्षेप

जिबिव्यस	: जिल्ला विपद् व्यवस्थापन समिति
प्रजिअ	: प्रमुख जिल्ला अधिकारी
सप्रजिअ	: सहायक प्रमुख जिल्ला अधिकारी
प्रउ	: प्रहरी उपरिक्षक
सप्रउ	: शसस्त्र प्रहरी उपरिक्षक
विफोप	: विपद् फोकल पर्सन
जिसस	: जिल्ला समन्वय समिति
स्थाबिव्यस	: स्थानिय विपद् व्यवस्थापन समिति
प्रप्रअ	: प्रमुख प्रशासकिय अधिकृत
नेरेसो	: नेपाल रेडक्रस सोसाइटी
गैसस	: गैर सरकारी संख्या
जिआकासके	: जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र
NEOC	**: National Emergency Operation Center**
PEOC	**: Proviece Emergency Operation Center**
DDMC	**: District Disaster Management Committe**
DEOC	**: District Emergency Operation Center**
LEOC	**: Local Emergency Operation Center**
OSM	**: Open Street Map**
IRA	**: Initial Rapid Assessmet**
MIRA	**: Multi-Cluster Initial Rapid Assessmet**
CSDA	**: Cluster Specific Details Assessment**
PDNA	**: Post Disaser Need Assessment**
DRR&M Act	**: Disaster Risk Riduction and management Act.**
DPRP	**: District Disaster Preparedness Plan**
DHM	**: Department of Hydrology and Metrology**
WFP	**: World Food Programme**
NRCS	**: Nepal Red Cross Society**
NFRI	**: Non Food Relief Iteam**
RRT	**: Rapid Resonse Team**
QRT	**: Quick Response Team**
IMO	**: Information Management Officer**
DMA	**: Data Management Assisstant**
SAR	**: Search and Rescue**
DLSA	**: District Lead Support Agency**
UNICEF	**: United Nations Internaionals Childrens Emergency Fund**
DRR Portal	**: Disaster Risk Riduction Portal**
SOP	**: Standard Operating Procedure**
CCA	**: Culturable Command Area**

परिच्छेद-१ पृष्ठभूमि

१.कार्यकारी सारांश :

विपद् व्यवस्थापनका सबै क्रियाक्लापहरुको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधरणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पति, प्राकृतिक एवम साँस्कृति सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ ले व्यवस्था गरेको छ ।

प्रकोप र यसबाट उत्पन्न विपद्लाई भाग्यवादी चिन्तनबाट हेर्ने सामाजिक परम्पराका कारण विपद् जोखिम न्यूनीकरण नेपालमा प्रभावकारी रूपमा हुन सकिरहेको छैन । जनचेतनाको कमी, अन्धविश्वास र भौगोलिक विकटता विपद् जोखिम न्यूनीकरणका लागि चुनौतिको रुपमा रहेको छ । पछिल्लो समयमा विश्वव्यापी रूपमा बढ्दै गएको विपद्को जोखिमलाई न्यूनीकरण नगरिएसम्म सहस्राब्दी विकास लक्ष्य प्राप्त हुन नसक्ने देखिएका कारण पनि यसको व्यवस्थापनका विभिन्न पक्षमा काम गर्नुपर्नेमा विश्व जनमत एक रहेको छ । यस सन्दर्भमा विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणको पद्धतिलाई दैनिक व्यवहारमा नै अवलम्बन गर्ने परम्पराको विकास गर्न सघाउनु आजको आवश्यकता हो । बाँके जिल्ला पनि विभिन्न प्रकारका प्रकोपबाट उत्पन्न हुने विपद्बाट उच्च प्रभावित जिल्ला मध्ये एक हो । यस जिल्लामा हरेक वर्ष विपद्का कारण बिशेष गरि बाढी र आगलागीबाट जनधनको अपूरणीय क्षति भइरहेको छ । बिगतमा राप्ती नदीमा आएको बाढी र गर्मीयाममा भएका आगलागीका घटनाहरुले यस जिल्लालाई अस्तव्यस्त पारिरहेको अवस्था छ । विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि केन्द्र, प्रदेश देखि स्थानीय तहसम्म संस्थागत संरचनामा सुधार गरी विपद्को सामना गर्ने क्षमता अभिवृद्धि गर्दै सुरक्षित समुदायको विकासमा अगाडि बढ्नु आवश्यक देखिन्छ तथापी बाँके जिल्लामा ८ वटै स्थानिय तहहरुमा स्थानिय विपद् व्यवस्थापन समिति गठन भई विपद् आपतकालिन कोषको स्थापना गरि सकेको अवस्था छ भने सबै वडाहरुमा पनि वडा स्तरिय विपद् व्यवस्थापन समितिहरु गठन भइरहेका छन् । नेपाल सरकार गृह मन्त्रालयबाट जारी भएको **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन, २०७५)** साथै हालसालै नेपाल सरकारको मिति २०७४ कात्तिक ०५ गतेको मन्त्री परिषदको बैठकको निर्णय अनुसार परिमार्जित **विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ (प्रथम संशोधन, २०७७)** जस्ता दस्ताबेजहरुका मार्गदर्शन, वडा कार्यालयहरूबाट संकलित सूचनाको समेत आधारमा यस जिल्लाको 'विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६३ समय अनुरूप पुनरावलोकनसँगै आवश्यक परिमार्जन गरी यसको १४औं संशोधित योजना २०७७ जिल्लाको महत्वपूर्ण दस्ताबेजको रूपमा तयार गरिएको हो ।

जिल्लामा कार्यरत सरकारी तथा गैरसरकारी कार्यालयहरु र सुरक्षा निकायहरुबाट प्राप्त जानकारी र नगर/गाउँ पालिकाहरूबाट प्राप्त तथ्यांकका आधारमा बाढी, आगलागी, शिलतहर जस्ता प्रकोपहरुको सन्दर्भमा जिल्लाको संकटासन्नता स्तरीकरण गरिएको छ । बिशेष गरी बाढी, आगलागी र शितलहर यस जिल्लाको प्रमुख प्रकोपहरु भएकोले यसको जोखिमको सन्दर्भमा नपा तथा गाउपालिकाहरूको संकटासन्नता स्तरीकरणका लागि यस वर्ष हुनसक्ने क्षतिलाई आधार मानी भविष्यमा सुधार गर्दै जाने निर्णय गरिएको छ । योजनामा विपद् जोखिम न्यूनीकरणका लागि प्रमुख क्रियाकलापहरू कार्यान्वयन गर्न र मौसम पूर्वानुमानका आधारमा बाढी पूर्व तयारी हेतु तयार गरिएको जिल्ला स्तरिय कार्य संचालन बिधि (Standard Operating Procedure) बनाई सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्ने प्रयास गरिएको छ । सो कार्यबिधिलाई **अनुसुची-१** मा राखिएको छ । विपद् हुनुअघि र विपद्को समयमा गरिने कार्यका लागि समयावधि र बजेटसमेत प्रक्षेपण गर्ने विषयलाई यसमा समायोजन गरिएको छ । जिल्लामा बाढीको जोखिम बढदा पनि नदी छेउका राप्तीसोनारी, डुडुवा र नरैनापुर गाउँपालिका अर्न्तगतका बस्तीहरु कुसुम, कचनापुर, बिनौना, बैजापुर, फत्तेपुर, गंगापुर, मटेहिया, कम्दी, बनकट्टी, बेतहनी र होलियामा धनजनको क्षति सिमित हुन्छ तर ठुलो विपद निम्तिदैन जसको कारण विपद पूर्वतयारी तथा प्रतिकार्य योजनामा आधारित पूर्व सूचना प्रणाली र त्यसको कार्यान्वनको प्रमुख भूमिका रहेको छ । आगामी दिनहरुमा यस पूर्व सूचना प्रणाली र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई सबैले आत्मसाथ गरि सबै स्थानिय तहहरुमा प्रतिकार्य योजना बनाएर अगाडी बढ्न जरुरी देखिन्छ ।

देशको संघीय संरचना अनुसार विषयगत कार्यालयहरुलाई स्थानिय तहमा समायोजन गरेता पनि विपद् पूर्वतयारी तथा प्रतिकार्यमा जिल्ला विपद् व्यवस्थापन समितिको महत्वपूर्ण भूमिका भएकोले स्थानिय विपद् व्यवस्थापन समितिहरुलाई अभिभावकत्व प्रदान गर्दै विपद् व्यवस्थापनलाई चुस्तदुरुस्त बनाउन यस वर्ष २०७७ (२०२०) का लागि पनि क्रियाशिल बनाई क्षेत्रगत अवधारणामा कार्य गर्ने गरि विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७७ अद्यावधिक गरिएको छ ।

२०७२ असोज ३ गते नेपालीको सँविधान २०७२ पारित भए पश्चात नेपाल सरकार मन्त्री परिषद बैठकको निर्णय अनुसार नेपाललाई सँघियतामा लागु गर्न बिभिन्न प्रादेशिक ढाँचामा बिभाजन गरे अनुरुप धर्म, सँस्कृति, वर्ग लिङ्ग र जातजातीलाई समेटने गरी जिल्लालाई पनि नयाँ सँरचनामा बिभाजन गरिएको छ ।

नेपालमा दशकौ देखिको विपद् व्यवस्थापन कार्य दैवि प्रकोप उद्धार ऐन २०३९ को आधारमा हुँदै आएकोमा हाल नेपाल सरकारको मिति २०७४ कात्तिक ०५ गतेको मन्त्री परिषदको बैठकको निर्णय अनुसार सो ऐनलाई परिमार्जित गरि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ प्रमाणीकरण भएको छ । जसमा विपद् व्यवस्थापनका सबै क्रियाक्लापहरुको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वासाधरणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पति, प्राकृतिक एवम साँस्कृति सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ र पहिलो संशोधित २०७५ ले व्यवस्था गरेको सन्दर्भ छ ।

बाँके जिल्ला विशेष गरी बाढी, आगलागी, शितलहरी, हावाहुरी, लू र महामारीजस्ता विपद्बाट बढी प्रभावित भइरहेको जिल्ला हो भने खुख्खा खडेरी, फौजीकिराको प्रकोप, डुबान, सडक दुर्घटना पनि हुन । यी बिभिन्न प्रकोप मध्ये बाँकेको मुख्य प्रकोप बाढी नै भएकोले यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बाढी केन्द्रित रहेको छ ।

साधन र स्रोतको कमी हुँदा हुँदै पनि यस जिल्लामा भइरहेका प्रकोपका घटना र त्यसबाट हुने तत्कालीन क्षतिलाई कम गर्न योजनाबद्ध रूपमा कार्य गर्नका लागि बिभिन्न योजना तथा निर्देशिका समेत तयार भएको र जिल्लास्थित सरोकारवाला निकाय, राजनीतिक दल, नागरिक समाज, विपद् पीडित समुदायसँग नजिक रहेर केन्द्रसँग प्रभावकारी समन्वय गर्नका लागि गृह मन्त्रालयको सहयोगमा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र र आन्तरिक मामिला तथा कानुन मन्त्रालय प्रदेश नं.५ को सहयोगमा प्रदेश सूचना केन्द्रको स्थापना समेत भइ क्रियासिल रहेको छ ।

यस जिल्लामा हरेक वर्ष माथि उल्लेखित विपद्का कारण बिशेष गरि बाढी र आगलागीबाट जनधनको अपूरणीय क्षति भइरहेको छ । विगतका वर्षहरुमा राप्ती नदीमा आएको बाढी र आगलागीले यस जिल्लालाई अस्तव्यस्त पारिरहेको अवस्था छ । विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि केन्द्र, प्रदेश देखि स्थानीय तहसम्म संस्थागत संरचनामा सुधार गरी विपद्को सामना गर्ने क्षमता अभिवृद्धि गर्दै सुरक्षित संस्कृतिको विकासमा अगाडि बढ्नु आवश्यक देखिन्छ । जसको विस्तृप्त विवरण यस प्रकार छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार बाँके जिल्लाको जनसंख्या ४,९१,३१३ जना रहेको छ । जस मध्ये महिला २,४७,०५८ जना (५०.२९%) र पुरुष २,४४,२५५ जना (४९.७१%) रहेका छन् । जम्मा परिवार संख्या (घरधुरी) ९४,७७३ रहेको छ । यस जिल्लामा पहिले ४६ वटा गा.वि.स.हरू र १ वटा न.पा. रहेको थियो भने नयाँ संरचना अनुसार १ उपमहानगरपालिका, १ नगरपालिका र ६ वटा गाउँपालिकाहरु रहेका छन । खेती योग्य जमिन मध्ये १७,९३५.९ हे. (१९.४८% भूमिमा मात्र सिचाई सुविधा पुगेको र बाँकी कृषि भूमिले आकाशे वर्षामानै निर्भर रहनु पर्ने बाध्यता रहेको छ । यस जिल्लामा उत्तरबाट दक्षिणतिर बग्ने राप्ती नदी, मान खोला र चुरे पहाडबाट दक्षिणतिर बग्ने वर्षे खोलाहरूले वर्षेनी धेरै उव्जाउ भूमि कटान गरिरहेका छन् । राप्ती नदीमा बाहेक अन्य सम्पूर्ण नदी र खोलाहरूमा हिउंदमा प्रायः पानी हुदैन । हिउंदमा अधिकांश नदी र खोलाहरू वगरमा परिणत हुने कारणले गर्दा यस जिल्लामा नदी र खोलाहरूको भरपुर उपयोग गर्न सकिएको छैन ।

राप्ती, डुडुवा र मानखोला यस जिल्लाका प्रमुख नदीको रुपमा परिचित छन । यिनै नदी तथा खोलामा आउने बाढीका कारण नदि तटिय क्षेत्रमा बसोवास गर्ने समुदायहरुले प्रत्येक बर्ष बाढीको जोखिमको सामना गरीरहनुपरेको छ । वर्षातको समयमा खास गरी बाढी, डुबान, महामारी जस्ता प्रकोपहरु यस जिल्लामा पटक-पटक दोहोरीने गरेको हुदाँ सोको लागि जिल्ला बिपद् व्यवस्थापन समितिको समन्वय तथा सहभागितामा नेपाल रेडक्रस सोसाइटी जिल्लामा शाखा तथा उपशाखाहरु र तालीम प्राप्त जनशक्तिहरुलाई तत्काल प्रतिकार्यका लागी परिचालन गरी जिल्ला तथा स्थानिय समुदायको समन्वयमा बिपद्को समयमा प्रभावितहरुलाई सहयोग पुऱ्याउन उल्लेखनिय कार्य गर्दे आइरहेको छ । विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण तथा मनसुन पूर्वतयारीका लागि केन्द्र, प्रदेश देखि स्थानीय तहसम्म संस्थागत संरचनामा सुधार गरी विपद्को सामना गर्ने क्षमता अभिवृद्धि गर्दै सुरक्षित संस्कृतिको विकासमा अगाडि बढ्नु आवश्यक देखिन्छ तथापी बाँके जिल्लामा ८ वटै स्थानिय तहहरुमा स्थानिय विपद् व्यवस्थापन समिति/स्थानिय

विपद् जलवायू अनुकुलन समितिहरु (LDCRC) गठन भई सकेको अवस्था छ भने अधिकाँस वडाहरुमा पनि वडा स्तरिय विपद् जलवायू अनुकुलन समितिहरु गठन अन्तिम चरणमा पुगेको अवस्था छ । सरकारबाट स्वीकृत विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धि विभिन्न ऐन, नीति नियम, रणनिती तथा कार्ययोजना जस्ता दस्ताबेजहरुका मार्गदर्शन, गाउँपालिका कार्यालहरूबाट संकलित सूचनाको समेत आधारमा यस जिल्लामा वर्षायाममा हुन सक्ने बाढी र डूबानलाई दृष्टिगत गरी बाढी अगाडी अपनाइने सावधानीहरु, बाढीको समयमा गरीने खोज तथा उद्धार कार्य, राहत तथा लेखाजोखा र प्रभावितहरुलाई राहत संकलन साथै बाढी पश्चात गर्न सकिने मानविय सहयोग (Humanitarian Assistance) एवं पुनःर्निमाण र पुर्नस्थापनाको क्षेत्रमा गर्न सकिने सल्लाह सुझाब, समन्वय र सहयोग सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समिति बाँकेले **"विपद पुर्बतयारी तथा प्रतिकार्य योजना २०७७"** तयार गरेको छ ।

यस वर्षको मौसम पूर्वानुमान :

आगामी मनसुन अवधि (२०७७ साल जेठ १९ देखि असोज १४ सम्म) मा नेपालको औसत वर्षा, सरदर (९६५) हुने जलवायु प्रारुपले (climate model) ले देखाएको छ भने उक्त प्रारुपको त्रुटि (Model Error) ± ६५ छ । क्षेत्रगत रुपमा नेपालका अधिकांश भू-भागहरुमा सरदर वर्षा हुने सम्भावना रहेको छ । यद्यपि प्रदेश नं. १, वाग्मती र गण्डकी प्रदेशको उत्तरी भू-भागमा सरदर वर्षा हुने सम्भावना ५० प्रतिशत भन्दा बढि रहेको छ । यसरी नै अन्य भू-भागहरुमा सरदर वर्षा हुने सम्भावना ५० प्रतिशत भन्दा कम रहेको छ । यस आँकलन जल तथा मौसम विज्ञान विभागको मनसुनी वर्षा आँकलन गर्ने प्रारुप र दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्चले सार्वजनिक गरेको दक्षिण एसियाको आगामी मनसुनी वर्षाको आँकलनको आधारमा तयार गरिएको हो । सामान्य तया सरदर वर्षा (Normal Rainfall) भन्नाले कुनै स्थानको लामो समय (सन् १९८१-२०१०) को ३४ देखि ६७ प्रतिशतको वर्षालाई जनाउँदछ भने सरदरभन्दा कम र वढीको वर्षा भन्नाले क्रमशः ३४ प्रतिशत भन्दा कम र ६७ प्रतिशत भन्दा वढीको वर्षालाई जनाउँदछ ।

बाढी पूर्वानुमान बुलेटिन यस वर्ष बिभागको वेभसाइड www.hydrology.gov.np मा हेर्न सकिने छ । बिभागको फेसबुक पेज Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्न सकिने छ ।

मनसुन पूर्वतयारी योजना खासगरी बाढी तथा डुबान जस्ता विपद् भएको परिस्थितिमा सक्रिय हुने छ । साथसाथै अहिलेको विषम परिस्थितिमा महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड १९) ले बाँके जिल्लामा पनि महामारीको रुप लिएमा त्यसको प्रतिकार्यमा निकायगत भूमिकाको बारेमा पनि उल्लेख गरिएको छ ।

बाँकेमा बाढीको इतिहास हेर्ने हो भने २०७१ र २०७४ सालको बाढी अहिलेसम्मको ठुलो र क्षति बढी भएको तथ्याङ्क अद्यावधिक गरिएको छ । जसको विस्तृप्त विवरण यस प्रकार छ :

२०७१/०४/२८ र २९ गते गएको बाढीबाट प्रभावित	**२०७४/०४/२९ गते गएको बाढीबाट प्रभावित**
• जम्मा प्रभावित घर संख्या :१२३४०	• जम्मा प्रभावित घर संख्या :१६८५९
• पूर्ण प्रभावित घर संख्या :३२१२	• पूर्ण प्रभावित घर संख्या :११२२
• आंशिक प्रभावित घर संख्या :९१२८	• आंशिक प्रभावित घर संख्या :१५७३७
• जम्मा प्रभावित जन संख्या :६९९३४	• जम्मा प्रभावित जन संख्या :९४२६२
• जम्मा मृत्यू :२० जना	• जम्मा मृत्यू :८ जना
• प्रभावित बिद्यालय संख्या :१२	• प्रभावित बिद्यालय संख्या :२१
• प्रभावित बिद्यार्थी संख्या :६४७९	• प्रभावित बिद्यार्थी संख्या :११३५०
श्रोत:जिल्ला आपतकालिन कार्यसँचालन केन्द्र, बाँके	**श्रोत:जिल्ला आपतकालिन कार्यसँचालन केन्द्र, बाँके**

बाढी :

क्रसं.	आर्थिक वर्ष	प्रभावित घरधुरी र जनसंख्या					मानवीय क्षति	
		घरधुरी	महिला	पुरुष	बालवालिका	जम्मा	मृत्यु	घाईते
१	२०६४/०६५	८१७१	१४७०१	१५०७२	२०४२७	५०२००	७	४३
२	२०६५/०६६	९२	१७९	१८७	१९८	५५८	०	०
३	२०६६/०६७	१७३	४२८	४३४	१७२	१०३८	०	०
४	२०६७/०६८	१४	३६	३२	१९	८७	०	०

५	२०६८/०६९	०	०	०	०	०	०	०
६	२०६९/०७०	२२	४२	४८	५३	१४३	०	०
७	२०७०/०७१	७७	१७१	१५७	२०९	५३७	०	०
८	२०७१/०७२	१२३४०	२७६७८	२७६५७	१४५९९	६९९३४	१५	२५
९	२०७२/२०७३	५४	१३५	१२५	१०२	३६२	०	२
१०	२०७३/२०७४	०	०	०	०	०	०	०
११	२०७४/२०७५	१६८५९	४६४०१	४७८६१	११९९६	१०६२५८	८	०
१२	२०७६/२०७७	०	०	०	०	०		०

जिल्लामा विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्दै गर्दा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-९) को नेपालमा पनि संक्रमण हुन सक्ने अवस्थालाई मध्यनजर राख्दै २०७६फाल्गुन २३ गते जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा गृह मन्त्रालयको च.नं.३१४५ मिति २०७६/११/२२ को व्यहोरामा हाल बिश्वभरी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोबिड १९) का कारण लाखौं मानिसहरुको मृत्यु भै सकेको सन्दर्भमा बाँकेमा पनि यसको सँक्रमण फैलिन सक्ने संभावनालाई मध्यनजर गर्दै फागु पूर्णिमा (होली) लगायतका सबै प्रकारका सभा, सम्मेलन, भेला, कार्यक्रमबाट भिडभाड भई सोको कारण जोखिम बढने सम्भावना भएकोले भिडभाड नगर्न वा भिडभाडमा सामेल नहुन तथा सतर्कता अपनाउन सर्वसाधारणलाई अनुरोध गर्ने निर्णय गरियो । बिरामीको उपचार तथा त्यसको प्रभावकारी व्यवस्थापनको लागी सम्भाव्यता अध्ययन र सिफारिस कार्यकालागि भेरी अस्पतालका मेसु डा.प्रकाश थापाको संयोजकत्वमा जिल्ला समन्वय समिति, सबै सुरक्षा निकायहरु, जिल्ला स्वास्थ्य कार्यालय, नेपालगँज शिक्षण अस्पताल, नेपाल रेडक्रस सोसाइटी, नेपाल पत्रकार महासँघ, जिल्ला प्रशासन कार्यालय, जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र सदस्य रहने गरि कार्यदल निर्माण गर्ने र सो कार्यदलको अध्ययन प्रतिवेदनका आधारमा आवश्यक थप कार्यक्रमहरु तय गरि संचालन गरी अगाढी बढन पहल भएको थियो । साथै कोरोना भाइरस (कोबिड-१९) को सम्भाबित जोखिमबाट वच्न, वचाउन तथा नियन्त्रण सम्वन्धी जनचेतनामूलक सन्देश सहितको पम्पलेट छपाई गर्ने तथा विभिन्न भाषामा सन्देश तयार गरी छापा तथा संचार माध्यमबाट प्रकाशन तथा प्रशारण स्थानिय तहहरुमार्फत गरीएको छ ।

समय सन्दर्भ अनुसार कोभिड १९ संक्रमण बढदै गए पछि नेपालमा पनि २०७६ चैत्र ११ गते देखि बन्दाबन्दी (Lock down) शुरु भयो । सोहि बमोजिम बाँके जिल्ला पनि बन्दाबन्दीलाई कार्यान्वयन र अवलम्बन गरियो ।

२. जिल्लाको सामान्य जानकारी तथा पृष्ठभूमि :

वि.सं. १८७३ को सुगौली सन्धीबाट गुमेको भू-भाग मध्ये वि.सं. १९१७ मा बाँके जिल्ला नेपाललाई फिर्ता भएको हो । यस जिल्लाको केही भू-भाग चुरे क्षेत्रले ओगटेको छ भने अधिकांश भू-भाग समथर रहेको छ । चुरे क्षेत्र ६१० मी. देखि १२३६ मी. सम्म र बाँकी क्षेत्र १२७ मी. देखि ६१० मीटर सम्मको उँचाईमा रहेको छ । चुरे पर्वत श्रृङ्खला अन्तर्गत हात्तीसार, कन्याडाँडा, लिकानालेक, देउराली, गाईलेक आदि क्षेत्रहरू पर्दछन् । त्यसै गरी चुरे भावर क्षेत्रमा चिसापानी, महादेवपुरी, कचनापुर, खासकुश्मा र बैजापुर गा.वि.स.का केही भाग पर्दछ भने बाँकी सबै भू-भाग तराई क्षेत्रमा नै पर्दछन् ।

भौगोलिक अवस्थाको सन्दर्भमा यसको क्षेत्रफल २,३३७ व.कि.मी. (२,२५,८३६हे.) औषत लम्बाइ ८४ कि.मी.अक्षांश २७ं ५१' उत्तर देखि २८ं २०' उत्तर सम्म देशान्तर ८१ं २९' पूर्व देखि ८२ं ८' पूर्व सम्म छ भने सिमानाको सन्दर्भमा पूर्वमा दाङ्ग जिल्ला पश्चिममा बर्दिया जिल्ला उत्तरमा बर्दिया, सल्यान र दाङ जिल्ला अवस्थित छन भने दक्षिणमा भारतको श्रावस्ती र बहराईच जिल्ला रहेको छ ।
यस जिल्लाको हावापानीको सन्दर्भमा अधिकतम तापक्रम ४६ डि.से. र न्यूनतम ४.२ डि.से. सम्म रेकर्ड गरिएको, अधिकतम वार्षिक वर्षा १९१२ मि.मि., औषत सापेक्षिक आद्रता ७१.४ रहेको, गर्मीमा अत्यधिक गर्मी हुने, लु चल्ने तथा जाडो मौसममा शितलहर चली अत्यधिक जाडो हुने गर्दछ ।

भू उपयोग : आवादी तथा खेतीयोग्य जमिन ९२,०६८ हे. (४०.७७%), वन क्षेत्र ११३,२९५ हे. (५०.१७%), अन्य चट्टान, नदी, बगर, आदि) २०,४७३ (९.०६%)

प्रमुख नदीहरु : राप्ती नदी, मान खोला, डुडुवा ।

सहायक : किरण नाला, सुखरा, मुगुवा, गावर, परुवा, रोहिणी, झिंजरी, गुडुवा, खैरी, गोठरी, जेठी नाला, आदि ।

राप्ती नदीको अवस्था: पश्चिम राप्ती नदीको प्रमुख जलाधार क्षेत्र ६७०० व.कि.मी. रहेको छ । यो नदी रोल्पा, प्युठान, अर्घाखाँची, दाङ्ग क्षेत्रको पानी बाँके जिल्लामा आई भारतको लक्ष्मणपुर हुँदै बगेको छ । बाँके जिल्लामा मात्र ८० कि.मी. लम्बाई रहेको छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार बाँके जिल्लाको जनसंख्या ४,९१,३१३ जना रहेको छ । जस मध्ये महिला २,४७,०५८ जना
(५०.२९%) र पुरुष २,४४,२५५ जना (४९.७१%) रहेका छन् । जम्मा परिवार संख्या (घरधुरी) ९४,७७३ रहेको छ । यस जिल्लामा ४६ वटा गा.वि.स.हरू र १ वटा न.पा. रहेकोमा हाल १ उपमहानगरपालिका, १ नगरपालिका र ट वटा गाउँपालिकामा बिभाजन गरिएको छ । खेती योग्य जमिन मध्ये १७,९३५.९ हे. (१९.४८% भूमिमा मात्र सिचाई सुविधा पुगेको र बाँकी कृषि भूमिले आकाशे वर्षामानै निर्भर रहनु पर्ने बाध्यता रहेको छ । यस जिल्लामा उत्तरबाट दक्षिणतिर बग्ने राप्ती नदी, मान खोला र चुरे पहाडबाट दक्षिणतिर बग्ने वर्षे खोलाहरूले वर्षेनी धेरै उव्जाउ भूमि कटान गरिरहेका छन् । राप्ती नदीमा बाहेक अन्य सम्पूर्ण नदी र खोलाहरूमा हिउंदमा प्रायः पानी हुदैन । हिउंदमा अधिकांश नदी र खोलाहरू वगरमा परिणत हुने कारणले गर्दा यस जिल्लामा नदी र खोलाहरूको भरपुर उपयोग गर्न सकिएको छैन ।
२०७२ असोज ३ गते नेपालीको सँविधान २०७२ पारित भए पश्चात नेपाल सरकार मन्त्री परिषद बैठकको निर्णय अनुसार नेपाललाई सँघियतामा लागु गर्न बिभिन्न प्रादेशिक ढाँचामा बिभाजन गरे अनुरुप बिभिन्न धर्म, सँस्कृति, वर्ग लिङ्ग र जातजातीलाई समेटने गरी बाँके जिल्लालाई पनि नयाँ सँरचनामा बिभाजन गरिएको छ ।

३.बाँके जिल्लाको नयाँ संरचना अनुसारको भौगोलिक विवरण बिभाजन :

उपमहानगरपालिका संख्या -१
नगरपालिका संख्या -१
गाउँपालिका सँख्या -६

१ नेपालगंज उपमहानगरपालिका :

समावेश भएका साविक गा.वि.स./ न.पा.का. वडाहरु : नेपालगंज उ.म.न.पा.(१-२२, २४-२८) र हिरमिनियाको वार्ड नं. ७

जनसंख्या : १३८९५९
क्षेत्रफल : ८५.९४ वर्ग कि.मी.
वडा संख्या : २३
सीमाना : **पूर्व :**डुडुवा गाउँपालिका **पश्चिम :**जानकी गाउँपालिका
उत्तर :कोहलपुर नगरपालिका, **दक्षिण** :भारत

२. कोहलपुर नगरपालिका :

समावेश भएका साविक गा.वि.स. वा गा.वि.स./ न.पा.का. वडाहरु : कोहलपुर न.पा. र शमसेरगंज

जनसंख्या : ७०६४७
क्षेत्रफल : ८४.२६ वर्ग कि.मि.
वडा संख्या : १५
सीमाना : **पूर्व** : राप्तीसोनारी गाउँपालिका **पश्चिम :** बैजनाथ गाउँपालिका
उत्तर : सल्यान जिल्ला **दक्षिण** : जानकी गाउँपालिका

३. नरैनापुर गाँउपालिका :

समावेश भएका साविक गा.वि.स. वा गा.वि.स./न.पा.का. वडाहरु : कटकुइया, लक्ष्मनापुर, कालाफाँटा, नरैनापुर, मटेहिया र गंगापुर

जनसंख्या : ३४९४२
क्षेत्रफल : १७२.३४ वर्ग कि.मी.
वडा संख्या : ६
सीमाना : **पूर्व** : राप्तीसोनारी गा.पा. र भारत **पश्चिम :**डुडुवा गाउँपालिका . र भारत
उत्तर : राप्तीसोनारी गाउँपालिका **दक्षिण** : भारत

४) **राप्तीसोनारी गाँउपालिकाः**

समावेश भएका साविक गा.वि.स. वा गा.वि.स./न.पा.का. वडाहरु : खासकुश्मा,कचनापुर,बैजापुर,बिनौना,फत्तेपुर र महादेवपुरी

जनसंख्या : ५९९४६

क्षेत्रफल : १०४१.७३ वर्ग कि.मी

वडा संख्या : ९

सीमाना : **पूर्व** : दाङ्ग जिल्ला, **पश्चिम :** कोहलपुर न.पा. र डुडुवा गाउँपालिका

उत्तर : दाङ्ग र सल्यान जिल्ला **दक्षिण** : नरैनापुर गाउँपालिका र भारत

५) **बैजनाथ गाँउपालिकाः**

समावेश भएका साविक गा.वि.स. वा गा.वि.स./न.पा.का. वडाहरु :चिसापानी, नौबस्ता, वनकटवा र टिटिहिरिया

जनसंख्या : ५४४१८

क्षेत्रफल : १४१.६७ वर्ग कि.मी.

वडा संख्या : ८

सीमाना : **पूर्व :** कोहलपुर न.पा **पश्चिम :** बर्दिया जिल्ला .

उत्तर : बर्दिया जिल्ला **दक्षिण :** खजुरा गा.पा.

६) **खजुरा गाँउपालिका :**

समावेश भएका साविक गा.वि.स. वा गा.वि.स./ वडाहरुः रनियापुर, सोनपुर, उढरापुर, बागेश्वरी, सीतापुर र राधापुर

जनसंख्या : ५०९६१

क्षेत्रफल : १०१.९१ वर्ग कि.मी.

केन्द्र : साविक बागेश्वरी गा.वि.स.को कार्यालय

वडा संख्या : ८

सीमाना : **पूर्व :** जानकी गाउँपालिका **पश्चिम :** बर्दिया जिल्ला

उत्तर : बैजनाथ गाउँपालिका **दक्षिण :** भारत

७) **डुडुवा गाँउपालिका :**

समावेश भएका साविक गा.वि.स. वा गा.वि.स. वडाहरु : कम्दी, बनकट्टी, बेतहनी, होलिया र हिरमिनियाको (१-६ र ,८-९)

जनसंख्या : ३७४६०

क्षेत्रफल : ९१.३० वर्ग कि.मी.

केन्द्र : साविक कम्दी गा.वि.स.को कार्यालय

वडा संख्या : ६

सीमाना : **पूर्व :** राप्तीसोनारी र नरैनापुर गाउँपालिका **पश्चिम :** नेपालगंज उ.म.न.पा.

उत्तर : राप्तीसोनारी गाउँपालिका र कोहलपुर न.पा. **दक्षिण :** भारत

८) **जानकी गाँउपालिका** :

समावेश भएका साविक गा.वि.स/ वडाहरु : नेपालगंज उ.म.न.पा.(२३), साईगाउँ, बेलभार, खजुराखुर्द, बेलहरी, र गनापुर

जनसंख्या : ३७८३९

क्षेत्रफल : ६३.३२ वर्ग कि.मी.

केन्द्र : साविक खजुराखुर्द गा.वि.स.को कार्यालय

वडा संख्या : ६

सिमानाः **पूर्व :** नेपालगंज उ.म.न.पा. **पश्चिम :** खजुरा गाउँपालिका

उत्तर : कोहलपुर न.पा. **दक्षिण :** भारत

४. बाढीबाट उच्च जोखिममा रहेका क्षेत्रहहरु (उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका एवं वडाहरू:)

क्र.सं.	ठेगाना	बाढी प्रभावित वस्तीको नाम
१	राप्तीसोनारी १	सिक्टा, जरुवा, बैरीया, ओजखोला, चप्परगौढी, तितेनघारी
२	राप्तीसोनारी २	मदुवा, हरिहरपुर, औरहवा, टिकुलीपुर, शम्शेरगञ्ज, बेलबास, राजपुर तल्लो बस्ति
३	राप्तीसोनारी ३	शाहीपर, नवलपर, बैशा, गर्लाबाज, सिनाबाज र परसरामपर
४	राप्तीसोनारी ४	लालपर, धामपर र भगवानपर
५	राप्तीसोनारी ५	ललही, आलीनगर, पठरिया, रिहारडाँडा, चिलहरिया
६	राप्तीसोनारी ६	खल्लाटेपरी, गोडिन पुरवा, मोहनपुर, लक्ष्मीराजपुर
७	राप्तीसोनारी ७	खल्ला झगडिया, बसन्तपुर, भवानियापुर, पहाडीपुर, देउपुरा, पिप्रहवा, गेदवा, सोनपुर, छपरतल्ली, भरथा, मैलोहरनिया, कोरी सर्यापुर, लालपुर, ननकौपुर, सर्रा
८	राप्तीसोनारी ८	बालापर, पेरानी (खल्ला)
९	राप्तीसोनारी ९	ढकेरी, महादेवा, ढकेरी बस्ति
१०	ने.ग.उपमना २०	मदनापर
११	खजुरा ५ र ६	गिजरा, पुरैना, दशविघा, आठविघा, बाह्रविगा, शान्तिनगर, सल्यानीटोल ।
१२	खजुरा २	गुँरासपुर
१३	डुडुवा १	पिप्रहवा, कृषिचौफेरी, पाभ्का, खडैचा, टेपरी
१४	डुडुवा २	सन्तलिया, अमृतपूर्वा, भेलोरपूवा, दासपूर्वा, खालेपूर्वा, बाबागाउँ, कैरातीपूर्वा, कोहली
१५	डुडुवा ३	रमपूर्वा, कटैहिया, हलकारापूर्वा, लोधपूर्वा र राजापूवा
१६	डुडुवा ४	खालेमसाहा र लालापूर्वा
१७	डुडुवा ५	खजुरा गौडि, लडियाघाट, सिधनिया तल्लो वस्ती, लिबाङ्गीटोल र सिवराजपुर
१८	नरैनापुर १	बानियागाउँ, महतनिया र सुइया
१९	नरैनापुर २	मियापूर्वा, बेउचवा, लक्षमणपुर र रोशनपूर्वा
२०	नरैनापुर ३	वहाउँपूर्वा, कोटिया, कोदिपुर र रतेहिया
२१	नरैनापुर ४	घोडदौरिया, नौसहरा, नरैनापुर र दौलतपुर
२२	नरैनापुर ५	मटेहिया गाउँको केही घर, जमुनाहा, भगवानपुर र निवाजीगाउँ
२३	नरैनापुर ६	सोनवर्षा, कुदरबेटवा, गंगापुर, भोजपुर र जमुनी
२४	कोहलपुर १०,११,१२,१३	कालिकानगर, मुक्तकमैयाटोल, चप्परगौढी र बजारटोल
२५	बैजनाथ २	मकैबारी, जबदहवा,
२६	बैजनाथ ३	रामपुर कलरामपुर, बैरहवा, मदनियाको दक्षिण भाग, दाङ्गपुरवा
२७	बैजनाथ ४	बानियाभार, इटानाला, जनमतटोल
२८	बैजनाथ ५	छमनिया, गुरुवागाउँ, सिंहभवानी
२९	बैजनाथ ६	गरही, सम्झनाबजार,
३०	बैजनाथ ७	परशरामपुर
३१	बैजनाथ ८	गुरुदयालपुर, चादनीचौक, थपूवा र झिगौरा
३२	जानकी १	साइगाउँ, शिवपुरी, पचपोखरा, बढैया

५.विपद्को तह :

नेपालको भौगोलिक अवस्थिति, आर्थिक तथा सामाजिक संरचना र बसोबासको स्वरुपका आधारमा विपद्को तह निर्धारण गर्नु उपयुक्त हुने देखिन्छ । साधारणतया उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, जिल्ला विपद् व्यवस्थापन समिति र नेपाल सरकारले आफ्नै स्रोत साधनको उपयोग गरी गर्न सक्ने विपद् प्रतिकार्य तथा शीघ्रपुनर्लाभका सम्बन्धमा भइरहेको अभ्यासलाई समेत दृष्टिगत गरी विपद्को तह देहायबमोजिम निर्धारण गरिएको छ ।

तह	१ सामान्य	२ मध्यम	३ ठूलो	४ उच्च (विनाशकारी)
हिमाल	२०० जनासम्म मानिस प्रभावित वा ३० जनासम्म मानिस विस्थापित	५०० जनासम्म मानिस प्रभावित वा १०० जनासम्म मानिस विस्थापित वा	२,००० जनासम्म मानिस प्रभावित वा २०० जनासम्म मानिस विस्थापित वा	४,००० जनाभन्दा बढी मानिस प्रभावित वा २०० भन्दा बढी मानिस विस्थापित वा

	वा १ करोडसम्मको आर्थिक क्षति	१० करोडसम्मको आर्थिक क्षति	५० करोडसम्मको आर्थिक क्षति	५० करोडभन्दा बढी आर्थिक क्षति
पहाड	१,००० जनासम्म मानिस प्रभावित वा ५० जनासम्म मानिस विस्थापित वा ५ करोडसम्मको आर्थिक क्षति	२,००० जनासम्म मानिस प्रभावित वा १०० जनासम्म मानिस विस्थापित वा २५ करोडसम्मको आर्थिक क्षति	• ४,००० जनासम्म मानिस प्रभावित वा • ५०० जनासम्म मानिस विस्थापित वा • १ अर्बसम्मको आर्थिक क्षति	७,००० जनाभन्दा बढी मानिस प्रभावित वा ५,००० जनाभन्दा बढी मानिस विस्थापित वा १ अर्बभन्दा बढी आर्थिक क्षति
तराई	२,००० जनासम्म मानिस प्रभावित वा १०० जनासम्म मानिस विस्थापित वा १० करोडसम्मको आर्थिक क्षति	५,००० जनासम्म मानिस प्रभावित वा २०० जनासम्म मानिस विस्थापित वा ५० करोडसम्मको आर्थिक क्षति	• १०,००० जनासम्म मानिस प्रभावित वा • १,००० जनासम्म मानिस विस्थापित • ५अर्बसम्मको आर्थिक क्षति	१०,००० जनाभन्दा बढी मानिस प्रभावित वा १,००० जनाभन्दा बढी मानिस विस्थापित वा ५ अर्बभन्दा बढी आर्थिक क्षति

श्रोतः गृह मन्त्रालय, राष्ट्रिय आपतकालिन कार्यसंचालन केन्द्र SOP

६.योजनाको औचित्य :

विपद्बाट प्रभावित समुदायलाई सहयोगको आवश्यकता पर्दछ र सहयोग कार्यलाई जतिसक्दो छिटो र छरितो गराउनु पर्दछ जसले गर्दा थप क्षति हुनबाट बचाउन सकिन्छ । विपद् व्यवस्थापनका ३ वटा चरणहरु हुन्छन् । पहिलो चरण विपद् अघि गरिने व्यवस्थापन पूर्वतयारी र क्षति न्यूनीकरणका कार्यहरू पर्दछन् दोस्रो चरण विपद् भैरहको बेलामा खोज उद्धार तथा आपतकालिन आवास र राहत भने तेश्रो चरणमा विपद् पछिको उद्धार तथा राहत, पुनर्स्थापना र पुनर्निमाणका गतिविधिहरू, राहत प्रतिकार्यमा गरिने लगानी र प्रतिफलभन्दा विपद्पूर्व न्यूनीकरण र पूर्वतयारीका गतिविधिहरु संचालन गर्न सकिएमा विपद् पश्चात हुने असर ६ गुणाले कम हुन्छ भने मान्यता अध्ययनहरूले देखाएको छ । यद्यपि विपद्लाई कुनै सावधानी वा लगानीले जोखिममुक्त बनाउन भने कठिन छ । तर पनि विपद् पूर्व गरिने न्यूनीकरण र पूर्वतयारीका कार्यहरूलाई महत्वका साथ कार्यान्वयन गरिनु पर्दछ । गत वर्ष जस्तै यो वर्षका लागि पनि यो योजना विपद् पश्चात राहत प्रतिकार्यका गतिविधिहरू संचालन गर्नका लागि निर्माण गरिएको छ । यो कार्ययोजना मुख्यतः बाँके जिल्लामा बर्षेनी हुने बाढी लगायतका प्रकोपहरुबाट प्रभावित समुदायमा न्यूनतम मानवीय सहायताहरू पूर्ति गर्नका निमित्त समयमै र समन्वयात्मक ढंगले मानवीय सहयोग उपलब्ध गराई विपद्बाट हुने तत्कालिन असरहरूलाई कम गराउने औचित्यका साथ तयार गरिएको छ । हुनतः आगलागी, शीतलहर, लु, महामारी, भूकम्प जस्ता विपद्हरूलाई पनि केही भए पनि यस योजनामा समेट्न खोजिएको छ भने अहिले विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड १९) संक्रमण रोकथाम तथा प्रतिकार्यका लागि भएका पहलहरु समर्गमा यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७ मा सबै बिषयगत क्षेत्रको नेतृत्व तथा सह-नेतृत्व गर्ने सरकारी तथा गैरसरकारी निकायहरुले आ-आफ्नो विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धि कार्य गर्दा कोरोना भाइरस (कोभिड-१९) लगायतका बिपद्बाट हुनसक्ने जोखिम तथा त्यसको महामारीलाई मध्यनजर गरि हरेक गतिविधिहरुलाई Cross Cutting Issues का रुपमा लिई कार्य गर्नेगरि योजनामा समेटनु पर्नेछ ।

७.योजनाको उद्देश्य :

विपद्को समयमा विपद् पीडितहरुको जीवनरक्षा र बहुमूल्य सम्पत्तिको संरक्षण तथा सुरक्षा गरी मानिस माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय साधन तथा स्रोतको अधिकतम उपयोगका साथ कोरोना भाइरस (कोभिड-१९) को महामारीलाई पनि मध्यनजर गर्दै प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेही मानवीय सहयोग उपलब्ध गराउनु तथा विपद् जोखिम न्यूनीकरणका कार्यलाई संस्थागत रूपमा प्रवर्द्धन गर्नु यस योजनाको मूल उद्देश्य रहेको छ । योजनाका निर्दिष्ट उद्देश्यहरु निम्नबमोजिम छन् :

- ✓ कोरोना भाइरस (कोभिड-१९) को महामारीलाई मध्यनजर गर्दै जोखिममा रहेका क्षेत्रहरुको संकटासन्नता विश्लेषण गरी स्थानीय श्रोत, साधन र क्षमताको पहिचान गर्ने,
- ✓ विपद् पीडित व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्धार गरी मानवीय सहयोग उपलब्ध गराउन सुनिश्चितता गर्नु,
- ✓ विपद्बाट प्रभावितलाई सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोगको प्रत्याभूति गर्नु,

- ✓ उपलब्ध न्यूनतम साधन-स्रोतको अधिकतम उपयोग गर्दै साधन-स्रोतको खोजी गरी नेपाल सरकारबाट भएका निर्णयको कार्यान्वयन गर्न सरोकारवाला निकाय तथा सघंसंस्थासँग प्रभावकारी समन्वयको सुनिश्चितता गर्नु,
- ✓ विपद्को अवस्थामा यस विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अनुरुप एकद्धार प्रणाली अवलम्बन गरि प्रतिकार्य गर्ने,
- ✓ विकास प्रक्रियामा जोखिम न्यूनीकरण विधिलाई मूल प्रवाहीकरण गरी विपद्जन्य जोखिम कम गर्न र विपद् पछिको पुनर्लाभ प्रक्रियालाई अघि बढाउने आधार तयार गर्नु र जिल्लाको विपद् तथा जोखिमको अवस्थालाई मापन गर्नु ।
- ✓ माथी उल्लेखित सबै प्रतिकार्यका गतिविधिहरु गर्दा कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि सावधानी तथा सतर्कतालाई मध्यनजर गरि गर्ने,

८.अनुमोदन तथा योजना अद्यावधिक गर्दा अवलम्बन गरिएको प्रक्रिया :

विपद् विपद् पूर्व तयारी तथा प्रतियकार्य योजना तर्जुमा गर्ने क्रममा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक (स्थानिय तह पनि समितिको सदस्य रहेको) र सरोकारवाला निकायहरूको पटक-पटक भएको छलफल र अन्तरक्रियाहरूको आयोजना गरिएको छ । यसैगरी विषयगत कार्यालयाहरुसँग पनि पटक-पटक भएको छलफल तथा भिडियो बैठकहरू बसी योजनाका बिभिन्न पक्षहरुमा छलफल गरिएको छ । बैठकहरूमा जिल्ला स्थित विपद् व्यवस्थापनसँग आवद्ध सरोकारवाला निकायहरूबाट आएका सल्लाह सूझावहरुलाई अवलम्बन गदै जिल्ला अगुवा सहयोगी निकायको आर्थिक र प्राविधिक सहयोग तथा जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र (DEOC) को सहजिकरणमा अद्यावधिक गर्ने काम भएको छ । यसैगरी विगतमा निर्माण गरिएका विपद् पूर्वतयारी योजना तथा आकस्मिक योजनाहरूलाई आधार मानेर अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउँन यो योजना तयार गरिएको छ । यो अद्यावधिक योजना २०७७ लाई मिति २०७७ साल जेष्ठ ०१ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिले पारित गरि आधिकारिक दस्तावेजको रुपमा अनुमोदन गरिएको छ ।

८.१ योजना अद्यावधिकका बिभिन्न चरणहरु र प्राप्त उपलब्धीहरु:

क्र.सं.	चरण वा प्रकृया	सम्पादित कार्यहरु र उपेक्षित उपलब्धिहरु
१	मानवीय सहायतामा संलग्न निकायहरुको पहिचान र सरोकारवालाहरु बिच छलफल	मानवीय सहायतामा संलग्न रहि कार्यरत निकायहरुको पहिचान, समन्वय तथा पद्धती स्थापना, सरोकारवालाहरुबीच योजनाको उद्धेश्य, विधि र कार्य योजनाबारे नियमित छलफल तथा परिमार्जन ।
२	सन्दर्भ सामाग्रीहरुको पुनरावलोकन	प्रभावकारी विपद् प्रतिकार्य योजनाकालागि जिल्लाको विपद् सम्बन्धि योजनाहरुको मूल्याङ्कन तथा विगतको अवस्थाको विश्लेषण ।
३	बैठकहरु	बिभिन्न क्षेत्रका सम्बन्धित संस्थाहरुको सूची तय, यसमा संलग्न निकायहरुको भूमिका पहिचान, निकायहरुको सम्पर्क सूची तयार, अद्याविधक, हरेक निकायमा सम्पर्क व्यक्तिकको किटानी । प्रकोप तथा जोखिम नक्सा अद्यावधिक, साधनश्रोतको आँकलन र तोकिएका विपद्को क्षेत्रमा छुट्टाछुट्टै योजना तर्जुमा ।
४	विषयगत निकायहरुको बैठक	जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा तोके बमोजिमका विषयगत निकायहरु, जिल्ला अगुवा सहयोगी निकायहरुसंग छलफल, तोके बमोजिम सबै विषयगत निकाहरुद्धारा प्रतिकार्य योजना अद्यावधिक ।
५	कार्यशालाको आयोजना	योजनालाई अन्तिम रुप दिन DPRP Finalization workshop आयोजा गरि बिभिन्न छलफल तथा सहमति, मूल्यांकनका साझा विधि तथा मापदण्डमा सहमति मार्फत योजनालाई अन्तिम रुप दिईने ।
६	अनुमोदन	बिभिन्न बैठक तथा कार्यशालाहरुमा भएका बृहत छलफल, प्राप्त सल्लाह सूझावलाई संयोजन गरी अन्तिम प्रारुपलाई जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गरी जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुमोदन गरिएको ।
७	अद्यावधिक	प्रत्येक वर्षको मनसुन पूर्व नै अद्यावधिक गरिने छ ।

९.परिस्थिति तथा योजना तर्जुमा सम्बन्धी पूर्वानुमान :

बाँके जिल्लामा सन् २००६, २००७, २०१४, २०१६ र २०१७ मा भएको बाढीको प्रभाव तथा सन् २००८ देखि २०१८ सम्म जिल्लामा गरिएका विपद् जोखिम न्यूनिकरणका क्रियाकलापहरूलाई मध्यनजर गरी २०७७ (सन् २०२०) का लागि योजना तर्जुमा गरिएको छ । विगतमा सन् २००७, २०१४ र २०१७ मा हालसम्मकै सबै भन्दा बढी जनसंख्या प्रभावित भएको तथा त्यस पूर्व र तत्पश्चातका समेत विपद्हरूको प्रभावलाई समेत ध्यानमा राखी जिल्लाका ८ वटा स्थानिय तहहरुसँग समन्वय गरि यस वर्ष २०७७ (सन् २०२०) लाई निम्न वमोजिम विपद् असरको पूर्वानुमान गरी प्रतिकार्य योजना तयार गरिएको छ ।

९.१ बाढी :

सम्भावित बाढी विपद्बाट प्रभावित समुदायलाई शिघ्र उद्धार तथा राहत सेवा पुऱ्याउन विगत देखि नै क्षेत्रगत अवधारणामा आधारित भएर योजना बमोजिम प्रतिकार्यका गतिविधिहरू संचालन भैरहेका छन । सन् २०१७ मा राप्तीनदीको पानीको सतह अहिले सम्मकै उच्च ८.८६ मिटर मापन गरिएको थियो । राप्ती नदी तथा अन्य बाढीबाट यस जिल्लाको सबै गाउँपालिकाहरू, नेपालगंज उपमहानगरपालिका र कोहलपुर नगरपालिका क्षेत्रमा असर परेको थियो भने बाढी अहिले सम्मकै उच्च ८.८६ मिटर मापन गरिएको थियो । राप्ती नदीमा पानीको सतह ८.८६ हुँदा नजिकका वस्ती, कम्दी, फत्तेपुर, बनकट्टी, बेतहनी, होलियाहरु डुवानमा परे पनि समयै मै सुसुचित गरिएको कारण ठुलो क्षती हुन पाएन । यो प्रति कार्ययोजना विशेष गरी बाढी प्रकोपलाई मध्यनजर राखी बनाइएको भएता पनि आगलागी, भूकम्प जस्ता विपद्मा एकद्धार प्रणालीमा कार्य गर्ने हेतु निर्माण गरिएकोछ । विगत १२ वर्षको बाढीको विवरण निम्नानुसार रहेको छ ।

क्रसं.	आर्थिक वर्ष	प्रभावित घरधुरी र जनसंख्या					मानवीय क्षति	
		घरधुरी	महिला	पुरुष	बालवालिका	जम्मा	मृत्यु	घाईते
१	२०६४/०६५	८१७१	१४७०१	१५०७२	२०४२७	५०२००	७	४३
२	२०६५/०६६	९२	१७९	१८७	१९८	५५८	०	०
३	२०६६/०६७	१७३	४२८	४३४	१७२	१०३८	०	०
४	२०६७/०६८	१४	३६	३२	१९	८७	०	०
५	२०६८/०६९	०	०	०	०	०	०	०
६	२०६९/०७०	२२	४२	४८	५३	१४३	०	०
७	२०७०/०७१	७७	१७१	१५७	२०९	५३७	०	०
८	२०७१/०७२	१२३४०	२७६७८	२७६५७	१४५९९	६९९३४	१५	२५
९	२०७२/२०७३	५४	१३५	१२५	१०२	३६२	०	२
१०	२०७३/२०७४	०	०	०	०	०	०	०
११	२०७४/२०७५	१६८५९	४६४०१	४७८६१	११९९६	१०६२५८	८	०
१२	२०७६/२०७७	०	०	०	०	०		०

श्रोत : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र र नेपाल रेडक्रस सोसाइटी बाँके जिल्ला शाखा

९.२ आगलागी :

गर्मीयाम बढेसँगै जिल्लामा आगलागीको विपद् प्रत्येक वर्ष हुने गरेको छ । समुदायका मानिसहरूको असावधानीपूर्वक आगोको प्रयोग र घरको बनोटले गर्दा आगलागीका घटना हुने गरेको पाइन्छ । आगलागीका घटना बढी होलिया, बेतहनी, मटेहिया, नरैनापुर, कालाफाँटा, लक्ष्मणपुर, कटकुइया क्षेत्रहरूमा हुने गरेको तथ्यांकले देखाउछ । जिल्लाका अन्य क्षेत्रहरूमा आगलागीको विपद् भएतापनि प्रभावितहरूको संख्या कम हुने गरेको छ । विगत १२ वर्षको अवधिमा सबभन्दा बढी आ.ब. २०६८/२०६९ मा ५७६ घर जलेर नष्ट भएको थियो भने आ.ब.२०७५/२०७६ मा पनि १२६ घर जलेर नष्ट र एकै घरका २ बालकको जलेर मृत्यू भएको थियो । विगत ७ वर्षको आगलागीको विवरण निम्नानुसार रहेको छ ।

क्र.सं.	आर्थिक वर्ष	प्रभावित घरधुरी र जनसंख्या					मानवीय क्षति	
		घरधुरी	महिला	पुरुष	बालवालिका	जम्मा	मृत्यु	घाईते
१	२०६४/०६५	१५७	३०९	३१९	४७१	१०९९	०	०
२	२०६५/०६६	१६२	३५२	३५९	२६३	९७४	०	०
३	२०६६/०६७	२६४	५९०	५९८	३९६	१५८४	१	१
४	२०६७/०६८	१९५	४१९	४१०	३४९	११७८	०	०
५	२०६८/०६९	५७६	८८५	८८९	१२६७	३०४१	२	९
६	२०६९/०७०	१२६	१९२	१९१	३३०	७१३	०	२८
७	२०७०/०७१	१८१	३५२	३६८	४४३	११६३	०	०

८	२०७१/०७२	६५	१६८	१५७	७२	३९७	०	०
९	२०७२/०७३							
१०	२०७३/०७४	१८५	३१२	२९६	३६२	९७०	०	५
११	२०७४/०७५	१२६	३४०	४४४	१०२	८८६	२	१०
१२	२०७६/२०७७							

श्रोत : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र र नेपाल रेडक्रस सोसाइटी बाँके जिल्ला शाखा

९.३ शीतलहर

तराईका जिल्लाहरूमा हिउँदको महिना मंसिर देखि माघ/फाल्गुनसम्म बाक्लो हुस्सु लाग्ने र अत्यधिक चिसो हुने गर्दछ । चिसोबाट केटाकेटी र बृद्धबृद्धाहरूलाई बढी असर हुने गरेको छ । यसैगरी न्यानो कपडा नभएका अर्थात गरीब परिवार शीतलहरको उच्च जोखिममा रहेका छन् । यस जिल्लामा चिसो सुरु हुनासाथ केटाकेटीमा निमोनिया रोग बढी देखिने गरेको छ । शीतलहर प्रकोपको असर कम गर्नका लागि सारोकारवाला निकाय जिल्ला विपद् व्यवस्थापन समितिले समयमा सर्तकता अपनाउने गरी योजनामा समावेश गरेको छ । यस समयमा आवश्यक्तानुसार दाउरा उपलब्ध गराई गाउँबस्ती, शहरमा सामुहिक रुपमा आगो ताप्ने व्यवस्था र न्यानो कपडा तथा कम्बल बितरण गर्ने योजनामा मिलाइएको छ । जिल्ला विपद् व्यवस्थापन समितिले शितलहर पूर्वतयारी स्वरुप ६८१ थान कम्बल खरिद गरिएको छ भने रेडक्रस लगायत अन्य संघ-संस्थाहरुले पनि जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी पूर्वतयारी गरेका छन ।

१०.कोरोना भाइरस (कोभिड-१९) : कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा जिल्लामा गरिएका प्रयास, पुर्व तयारी तथा प्रतिकार्य :

परिचयः

यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिलो पटक पहिचान भएको छ । यस भाइरसले मानिस र पशुहरुमा सँक्रमण गर्दछ । यस भाइरसले सामान्य रुघाखोकी देखि गम्भीर प्रकारको तीब्र श्वासप्रश्वास (Severe Acute Respiratory Syndrome-SARS) सम्म भई मानिसको मृत्यू सम्म गराउन सक्दछ ।

चीनको हुवान प्रान्तबाट गत डिसेम्वर २०१९ देखि शुरु भई हाल बिश्वभरी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस सन्दर्भमा यसलाई विश्व स्वाथ्य संगठनले कोभिड-१९ को नाम दिएको छ र यसलाई बिश्वव्यापी महामारीको रुपमा घोषणा गरिसकिएको छ । कोरोना भाइरस (कोभिड १९) हाल विश्वका २१२ भन्दा वढी मुलुकहरुमा फैलिएको छ । यसबाट विश्वमा ७३११७३० जना मानिसहरु संक्रमित र ४१३००३ मानिसहरुको मृत्यु भै सकेको अवस्था छ ।

बाँकेमा यसको प्रभाव र पूर्वतयारी :

बाँकेमा २०७७ असार १ गतेको दिनसम्म यो रोगबाट २८२ जनामा संक्रमण देखिएको र १ जनाको मृत्यू भइसकेको छ भने १३६ जना निको भएर घर फर्किसकेको अवस्था छ । यो क्रम दिन प्रतिदिन बढदै गैरहेको परिवेशमा बाढी जस्तै कोरोना भाइरस (कोभिड १९) लाई जिल्लामा एक विपद्को रुपमा लिई पूर्वतयारी भैरहेको छ ।

यसरी विश्वव्यापी रुपमा फैलीरहेको कोरोना भाइरस (कोभिड-१९) लाई उपयूक्त समयमा समन्वयात्मक ढँगबाट पूर्वतयारी तथा प्रतिकार्य गर्न नेपाल सरकार गृह मन्त्रालयको च.न.३३५ मिति २०७६/११/७ गतेको पत्र मार्फत हरेक जिल्लालाई कोरोना भाइरस (कोभिड-१९) पूर्वतयारी स्वरुप गरिएका पहल कदमी तथा प्रयासहरुलाई अनिवार्य रुपमा गृह मन्त्रालय राष्ट्रिय आपतकालिन कार्यसँचालन केन्द्रमा जानकारी गराउने बारेको पत्रानुसार बाके जिल्लामा जिल्ला प्रशासन कार्यालयको जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार विपद् शाखा जिल्ला आपतकालिन कार्य सन्चालन केन्द्रले जिल्लाका सबै स्थानिय तहहरुसँग समन्वय गरि पहिलो चरणमा जिल्लाका बिभिन्न स्थानमा स्थापना गरिएका हेल्थडेस्क मार्फत देशका आन्तरिक स्थान (सडक तथा हवाई) यातायातबाट र देशका बाहय स्थानबाट आउँने व्यक्तिहरुको तथ्याङ्क सँकलन तथा अन्य प्रगती विवरणहरुलाई दैनिक प्रतिवेदनका रुपमा पठाउने कार्यबाट शुरुवात गरिएको थियो । जसकालागि भारतसंग सिमा जोडिएका नाका रुपैडिया, जमुनाहा नाका, नरैनापुरको सुइया नाका, नेपालगँज विमान स्थल, नेपालगँज बसपार्क, कोहलपुर वसपार्क र भाटभटेनी सुपरमार्केटहरुमा हेल्थडेस्क स्थापना गरि चेकचाँचलाई निरन्तरता दिइएको थियो भने र बिभिन्न संचार माध्यमबाट बिभिन्न भाषामा सन्देशहरु प्रशारण गरिएको छ ।

पुनः गृह मन्त्रालयको च.न.३१४५ मिति २०७६/११/२२ गतेको दोस्रो पत्रानुसार कोरोना भाइरस (कोभिड-१९) को सँक्रमण विश्व लगायत छिमेकी देशहरुमा यसको बृद्धि हुनथाले पश्चात पूर्वतयारीलाई अझ सशक्त बनाउँन र जोखिमलाई कम गर्न मिति २०७७/११/२३ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बैठक बसि एक कार्यदल गठन गरि जिल्ला आपतकालिन कार्य सन्चालन केन्द्रको सहकार्यमा जिल्लामा सुविधा सम्पन्न क्वारेन्टाइन निर्माण गर्ने र बाह्य स्थानबाट आएका व्यक्तिहरुलाई सो स्थानहरुमा राख्ने जस्ता सम्भाव्यता अध्ययन गर्न एक task team बनाई कार्य अगाडी बढाउने निर्णय भएको थियो । जसमा निम्न संस्था वा व्याक्ति रहने निर्णय भएको थियो ।

तपसिलः

१) मेडिकल सुपरिटेन्डेन्ट भेरी अस्पताल	संयोजक
२) जिल्ला समन्वय समिति	सदस्य
३) सवै सुरक्षा निकायहरु	सदस्य
४) स्वास्थ्य कार्यालय	सदस्य
५) नेपालगंज शिक्षण अस्पताल	सदस्य
६) नेपाल रेडक्रस सोसाईटी	सदस्य
७) नेपाल पत्रकार महासंध	सदस्य
८) जिल्ला प्रशासन कार्यालय	सदस्य
९) जिल्ला आपतकालिन कार्यसँचालन केन्द्र	सदस्य

यस पश्चात कोरोना भाइरस (कोभिड-१९) को संक्रमणले नेपालमा पनि तिब्र रुप लिन थालेपछि बाँकेमा पनि यसको रोकथाम तथा नियन्त्रयाकालागि मिति २०७६/१२/१० गते दोस्रो पटक बसेको जिल्ला विपद् व्यवस्थान समितिको वैठकले सबै स्थानियहरुलाई क्वारेन्टाइन व्यवस्थापन गर्ने र क्वारेन्टाईनका लागि आवश्यक पर्ने न्यूनतम सेल्टर सामाग्रीहरुः त्रिपाल, कम्बल, झुल, म्याट्रेस, बाल्टी, जग आदि नेपाल रेडक्रस सोसाइटीबाट उपलब्ध गराउने तथा जिल्ला भित्रका अत्यावश्यक सेवा प्रवाहरुः दैनिक उपभोग्य वस्तुहरु उत्पादन, आपूर्ति तथा वितरणका सवारी साधन बाहेक अन्य सवै साधन तथा वजारलाई पुर्ण रुपमा बन्द गर्ने, राहतका सामग्रीहरु गर्ने, कोरोना विरुद्धको सचेतना मुलक सन्देश प्रचार-प्रसार गर्ने र सोको समग्र प्रतिबेदन दैनिक गृह मन्त्रालय राष्ट्रिय आपतकालिन कार्यसँचालन केन्द्रमा जिल्ला आपतकालिन कार्यसँचालन केन्द्रले गर्ने निर्णय भएको थियो ।

(कोभिड-१९) को जोखिमलाई न्युनिकरण गर्न सवै निकायको भुमिका महत्वपूर्ण रहेको हुन्छ । (कोभिड-१९) पूर्वतयारी तथा प्रतिकार्य कार्यलाई चुस्त दूरुस्त रुपमा अगाडी बढाउन जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सहायक प्रमुख जिल्ला अधिकारीहरु, सबै सुरक्षा निकायहरु, भेरी अस्पताल सदस्य रहने गरि जिल्ला कोभिड संकट व्यवस्थापन समिति, जिल्लामा भए गरिएका दैनिक प्रगति विवरणलाई नेपाल सरकार गृह मन्त्रालय, राष्ट्रिय आपतकालिन कार्यसँचालन केन्द्र, आन्तरिक मामिला तथा कानुन मन्त्रालय ५ नं.प्रदेश तथा सरोकारवाला निकायहरुमा पठाउने कार्यका लागि सहायक प्रमुख जिल्ला अधिकारी श्री दिर्घराज उपाध्यायको नेतृत्वमा तपसिलका कर्मचारीहरु सहितको कार्यदल गठन गरिएको छ ।

जिल्ला कोभिड संकट व्यवस्थापन समिति (District Covid Crisis management committee)

१.राम बहादुर कुरुम्बाङ	प्रमुख जिल्ला अधिकारी	जिल्ला प्रशासन कार्यालय
२.हरि प्याकुरेल	सहायक प्रमुख जिल्ला अधिकारी	जिल्ला प्रशासन कार्यालय,
३.दिर्घराज उपाध्याय	सहायक प्रमुख जिल्ला अधिकारी	जिल्ला प्रशासन कार्यालय,
४.नकुल थापा	प्रमुख सेनानी	भैरव प्रसाद गण
५.बिर बहादर वली	प्रहरी उपरिक्षक	जिल्ला प्रहरी कार्यालय
६.दिपक अधिकारी	शसस्त्र प्रहरी उपरिक्षक	शप्रब, ३० नं. गण
७.कमल भट्टराई	उप अनुसन्धान निर्देशक	राष्ट्रिय अनुसन्धान कार्यालय

सल्लाहकार

जिल्ला समन्वय समिति,
नेपाल रेडक्रस सोसाइटी
जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र (DEOC)
सबै स्थानिय तह

<u>प्रतिवेदन समुह</u>

१ दिर्घराज उपाध्याय	सहायक प्रमुख जिल्ला अधिकारी	जिल्ला प्रशासन कार्यालय,

२.हरिशचन्द्र शर्मा	प्रशासकिय अधिकृत एबम विपद् फोकल पर्सन	जिल्ला प्रशासन कार्यलय
३.गौरीलाल वुढाथोकी	सुचना व्यवस्थापन अधिकृत,	NRCS/DEOC बाँके
४अर्जुन कार्की	जिल्ला संयोजक	आन्तरिक मामिला कानुन मन्त्रालय
५सन्तोष बोहरा	तथ्याङ्क व्यवस्थापन सहायक	NRCS/DEOC बाँके
६.रुद्र बहादुर शाही	बरिष्ठ हवल्दार(रेडियो अपरेटर)	सशस्त्र प्रहरी बल नेपाल
५.जगत बिसी	हवल्दार (रेडियो अपरेटर)	सशस्त्र प्रहरी बल नेपाल
६.दिपेन्द्र ठकुरी	प्रज (रेडियो अपरेटर)	नेपाल प्रहरी

सोहि बमोजिम जिल्लामा कोरोना भाइरस (कोभिड १९) को पूर्वतयारी तथा प्रतिकार्य अर्न्तगत कोरोना संक्रमित सम्भावित व्यक्तिलाई राख्न स्थापना गरिएका क्वारेन्टाईन र आइसोलेसन विवरण, राखिएका विरामी सख्या, संचालनमा आएका क्वारेइन्टान सँख्या र क्वारेन्टाइन बेड सख्या, आइसोलेसन अस्पताल सँख्या, वेड सँख्याको विवरणका साथै स्थानिय तहहरुद्धारा वितरण गरिएको राहत सहितका दैनिक प्रतिबेदन गर्ने काम भएको छ, ।

यो रोगको रोकथाम तथा पूर्वतयारी र प्रतिकार्यका लागि तत निकायहरुबाट प्रयास भैरहेको छ भने बिभिन्न गैंरसरकारी संघसंस्थाहरुले पनि आ-आफ्नो तह र तप्काबाट सहयोग भैरहेको अवस्थामा अवस्था छ । यस जिल्लामा पनि यसको संक्रमण दिनानुदिन बढ्दै गईरहेको परिपेक्षमा जिल्ला विपद् व्यवस्थापन समिति र बिभिन्न क्षेत्रगत निकायहरुले आ-आफ्नो क्षेत्रगत योजनामा समावेश गरि पूर्वतयारी तथा प्रतिकार्य गर्ने प्रयास गरिएको छ । हालसम्म नेपालका ७३ वटा जिल्लाहरुका करीव ५९०० जनामा यस रोगको संक्रमण देखा परिसकेको छ भने प्रभावितहरुको संख्या पनि बढ्दै गईरहेको छ । नेपालमा यो रोगबाट हालसम्म १९ जनाले आफ्नो ज्यान गुमाएका छन ।

बाँके जिल्लाका क्वारेन्टाइनहरुको बिस्तृत विवरण (मिति २०७६ चैत्र देखि २०७७ असार ०१) :

क्र. स.	स्थानिय तह/अन्य	क्वारेन्टाईन स्थान संख्या	क्वारेन्टाईन बेड संख्या	क्वारेन्टाईनमा बसेकाको संख्या		जम्मा	हाल सम्म क्वारेन्टाईनबाट सेवा लिएको संख्या
				महिला	पुरुष		
१	नेपालगंज उपमहानगरपालिका	१	४७०	९४	२१५	३०९	६३९
२	कोहलपुर नगरपालिका	१६	७४३	१२६	५७५	७०१	२६८
३	खजुरा गाउँपालिका	२२	१२५४	१०९	५६९	६७८	८९०
४	जानकी गाउँपालिका	७	२२५	१६	२७	४३	२८०
५	बैजनाथ गाउँपालिका	२२	१७०७	१२५	९५६	१०८१	१०५६
६	डुडुवा गाउँपालिका	८	३७३	७	१३५	१४२	२७४
७	नरैनापुर गाउँपालिका	१५	७४६	०	९४	९४	८९९
८	राप्ती सोनारी गाउँपालिका	१५	६८१	४२	५३०	५७२	३०८
९	भैरव प्रसाद गण	१	१७६	०	८५	८५	२२५
जम्मा		**१०७**	**६३७५**	**५१९**	**३१८६**	**३७०५**	**५१८८**

बाँके जिल्लाका आइसोलेसनहरुको विस्तृत विवरण (मिति २०७६ चैत्र देखि २०७७ असार ०१) :

सि.नं.	अस्पताल वा आईसोलेसन सेन्टरको नाम	स्थानिय तह	बेड संख्या	ICU बेड	भेन्टिलेटर संख्या	महिला	पुरुष	जम्मा
१	खजुरा क्यान्सर, अस्पताल	खजुरा	४०	८	२	२	२४	२६
२	लाईन्स डेन्टल अस्पताल	नेपालगंज	३६	०	०	०	५	५
३	कृषि विकास बैक तालिम केन्द्र, पिपरी	कोहलपुर	५०	०	०	०	१९	१९
४	क्षेत्रिय कृर्षि तालिम केन्द्र खजुरा	खजुरा	५०	०	०	२	६	८
५	रिम्ना सामुदायक बन भवन, ढकेरी,	राप्ती सोनारी	३	०	०	०	०	०

६	शिवशक्ती मा.वि. पेरानी, शम्शेरगंज	राप्ती सोनारी	१०	०	०	०	२	२
७	जनमुखी सामुदायिक बन भवन, कचनापुर	राप्ती सोनारी	३	०	०	०	०	०
८	शहिद स्मारक भवन, सिधनवा	राप्ती सोनारी	१०	०	०	०	०	०
९	ने.रा.मा.बि.,सोनपुर फत्तेपुर	राप्ती सोनारी	१५	०	०	०	१४	१४
१०	शाहपूर्वा आवासिय मा.वि.	डुडुवा	२०	०	०	०	१५	१५
११	सन्तलिया प्रा.वि.	डुडुवा	२६	०	०	०	१०	१०
१२	बनकटुवा प्रा.स्वा.केन्द्र	बैजनाथ	३०	०	०	०	१०	१०
१३	जोगागाउँ मा.बि.	जानकी	४५	०	०	०	४१	४१
१४	नमुना आइसोलेसन सेन्टर NID	नेपालगंज	२४	०	०	०		
	जम्मा		**३६२**	**८**	**२**	**४**	**१४६**	**१५०**

अन्य विवरण :

आईसोलेसन अस्पताल संख्या (डेडिकेटेडं)	१
नमूना आइसोलेसन केन्द्र (डेडिकेटेडं)	१
आईसोलेसन सेन्टर संख्या	१४
जम्मा डिस्चार्ज गरिएको संक्रमित संख्या	१५५
नरैनापुर गाउँपालिका क्वारेन्टाईनमा मृत्यु भएको	१

कोरोना भाइरस (कोभिड १९) रोकथाम तथा नियन्त्रणका पूर्वतयारी प्रयासहरु :

- बिभिन्न समितिहरु गठन गरि आवश्क्तानुसार निर्णय निर्माण र कार्यान्वयन,
- कोभिड १९ संक्रमण रोकथाम, नियन्त्रण र उपचार व्यवस्थासँग सम्बन्धित निर्णयहरु जस्तै: लकडाउनसँग सम्बन्धित निर्णय, उच्च जोखियूक्त क्षेत्र सिल गर्ने निर्णय, क्वारेन्टाईन, आइसोलेसन अस्पताल र सेन्टर व्यवस्थापन र उपचारसँग सम्बन्धित निर्णयहरु गरि कायान्वयन गर्ने र निरन्तरता दिने आदि ।
- भारतबाट फर्केका नागरिकहरुलाई तत्काल समुदायमा घुलमिल नहुन दिने गरी सम्बन्धित स्थानीय तहहरुमा निर्माण गरिएका क्वारेन्नटाईनमा राखि परिक्षण गर्ने गरेको र सो कार्यलाई निरन्तरता दिने,
- Case Investigation Team, Contact Tracing Team गठन गरी कार्य सम्पादन र निरन्तरता ।
- हालसम्म ४६३३ जनाको पिसिआर बिधिबाट परीक्षण, ४९४४ जनाको आरडिटी बिधिबाट परिक्षण गरिएको र को कार्यलाई निरन्तरता दिन सरोकारवाला निकायहरु, स्वास्थ्य, स्थानिय तहहरुलाई सहयोग र सहजिकरण । परिक्षण गरिएका मध्ये २८२ जना संक्रमित देखिएको १३५ जना निको भई घर फर्किएको र १ जनाको मृत्यू,
- जिल्लाको धार्मिक सम्बेदनशीलतालाई मध्यनजर गरी धार्मिक सदभाव कायम राख्दै कोभिड १९ रोकथाम र नियन्त्रणमा धार्मिक सदभाव समिति निर्माण गरी धर्मगुरु, मौलानासँग समेत समन्वय र परिरचालन,
- यस जिल्लाको नाका हुँदै भारतका बिभिन्न स्थानबाट आउने नेपाली नागरिकहरुलाई स्वास्थ्य परीक्षण पश्चात सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी जिल्लामा पुन: १४ दिनसम्म सम्बन्धित स्थानीय तहमा क्वारेन्टाईनमा बस्ने शर्तमा पठाइएको ।
- भारतका बिभिन्न स्थानबाट यस जिल्लाको नाका जमुनाहा हुँदै नेपाल प्रवेश गर्ने सबै नागरिकहरुलाई तयारी खाना (चाउँचाउँ, बिस्कुट, स्याउँ, नमकिन) र पानीको व्यवस्थापन गरिएको,
- यस जिल्लामा कार्यरत बिभिन्न गैरसरकारी निकाय, यूएन एजेन्सीहरु, रेडक्रस लगायतको समन्वय र सहयोगमा क्वारेन्टाइन व्यवस्थापन, खानेपानी तथा सरसफाइ सम्बन्धि कार्य भैरहेको,

- कोभिड १९ संक्रमित व्यक्तिहरुको स्वास्थ्य उपचार तथा अन्य व्यवस्थापनकालागि तत्कालै स्थानिय तह, सुरक्षा निकायहरुसँग समन्वय गरि आइसोलन केन्द्रमा आवश्यकक्तानुसार व्यवस्थापन गर्ने

समर्गमा यस मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना सबै बिषयगत क्षेत्रको नेतृत्व तथा सह-नेतृत्व गर्ने सरकारी तथा गैरसरकारी निकायहरुले आ-आफ्नो विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धि कार्य गर्दा कोरोना भाइरस (कोभिड-१९) बाट हुनसक्ने जोखिम तथा त्यसको महामारीलाई मध्यनजर गरि हरेक गतिविधिहरुलाई Cross Cutting Issues का रुपमा लिई कार्य गर्नुपर्नेछ ।

११.प्रकोप दृष्टिकोणमा लक्ष्मणपुर बाँधले ल्याउन सक्ने सम्भावित बाढी विपद् :

भारत सरकारले सन् १९८० देखि निर्माण कार्य सुरु गरी सन् १९८५ मा सम्पन्न गरेको लक्ष्मणपुर बाँध र सोही बाँधको परिपूरकको रुपमा सन् १९९९ देखि २००० सम्म निर्माण गरेको २२.५ कि.मि. लम्बाई, ५ मिटर चौडाई तथा ५ मिटर उचाँई भएको कलकलवा मार्जिनल तटबन्ध निमार्ण भएको छ । साथै हाल सालै भारत सरकारले उक्त बाँध माथि सीमा सडक जसको लम्वाई १७५१ कि.मी., चौडाई ३० मिटर र उचाई ३ देखी ७ मिटरसम्मको निर्माण गरेको छ । उक्त बाँध दशगजा क्षेत्रबाट करिब ३०० देखि ५०० मिटरको दुरीमा विद्यामान रहेको छ ।

१०.१ क्षति

बाँधका कारण बर्षायममा राप्तीनदीमा आउने बाढीको पानीको उचित निकास नभएकोले बाँके जिल्लाको राप्तीनदी र डुडुवा खोलाको नजिक रहेका गाउँ, बस्ती र जीविकोपाजर्नको श्रोत कृषि उत्पादन एवं भूमिमा समेत ठूलो क्षति हुने गरेको छ । साथै सिमाना क्षेत्रमा सडक निर्माणले जिल्लाको नेपाल भारत सीमा क्षेत्रमा रहेका डुडुवा गाउँपालिकाको हिरमिनिया, जानकी गाउँपालिकाको साईगाउँ तथा नेपालगञ्ज उपमहानगरपालिकाको पिप्रहवा एवं अन्य क्षेत्र पनि डुवानमा पर्ने अवस्था रहेको छ ।

लक्ष्मणपुर बाँधका कारण विशेष गरी राप्तीसोनारी गाउँपालिकाको वडा नं. ६ र ७ फत्तेपुर, डुडुवा गाउँपालिकाको वडा नं. १ होलिया, २ बेतहनी, ३ बनकट्टी, र नरैनापुर गाउँपालिकाको वडा नं. ५ मटेहिया र ६ गंगापुरको बस्ती र कृषि उत्पादन योग्य जमीनमा डुबान, कटान, बालुवा पटान र भौतिक संरचनामा समेत क्षति हुनुका साथै बाढीको पानी थुनिएर तीब्र निकास नभई जनजीवन प्रभावित हुने गरेको छ ।

१०.२ पुनश्चः यस्तो हुनमा अन्तर्राष्ट्रिय कानूनी मान्यता विपरीत भारतले छिमेकी राष्ट्रको सिमानामा बाँध र तटवन्ध निर्माण कार्य गर्दा सम्बन्धित देशको पूर्व सहमति र स्वीकृति लिनुपर्ने प्रावधान मिचेर नेपालको सिमाना दशगजा क्षेत्रबाट मात्र ३०० देखि ५०० मिटरको दुरीमा निर्माण गरेको कलकलवा तटबन्ध नै बाढी विपद्को समस्याको प्रमुख कारण बन्न पुगेको छ ।

श्रोत : जिल्ला प्रशासन कार्यालय र फियान नेपाल

१२.सिक्टा सिचाई आयोजना र यसको प्रभाव :

सिक्टा सिचाई आयोजना क्षेत्रको सिमाना उत्तरमा पूर्व-पश्चिम राजमार्ग, पूर्वमा बघौडा क्षेत्र (डुँडुवा पर्वत श्रृङ्खलाको दक्षिण-पश्चिमी ढाल), दक्षिणमा नेपाल भारत सीमा र पश्चिममा मान खोला (बाँके-बर्दिया सीमा) रहेको छ । हाल मूलबाँधको निर्माण कार्य सम्पन्न भई पश्चिमी मूलनहरको सम्पूर्ण ४५.२५ किलोमीटर खण्डको निर्माण कार्य सम्पन्न भइसकेको छ ।

११.१ प्रमुख विशेषताहरु (Salient Features) :

आयोजनाको नाम	सिक्टा सिंचाइ आयोजना
१. सिंचित क्षेत्र (CCA)	:४२,७६६ हेक्टर (कूल)
क) दायाँतर्फ	:३३,७६६ हेक्टर
ख) बायाँतर्फ	:९,००० हेक्टर
अवस्थिति	
क) दायाँतर्फ	:राप्तीसोनारी, डुँडुवा, बैजनाथ, जानकी, खजुरा गाउँपालिका तथा कोहलपुर
ख) बायाँतर्फ	:राप्तीसोनारी तथा नरैनापुर गाउँपालिका
२. स्रोतको नाम	:पश्चिम राप्ती नदी
क) जलाधार क्षेत्रफल	:५,४५० वर्गमीटर
ख) न्यूनतम बहाव	:८.५० क्यमेक्स (८०% विश्वसनीय)
ग) डिजाइन (अधिकतम) बहाव	:८,२५५ क्यूमेक्स

३. मुलबाँध	
क) किसिम	: ब्यारेज (Barrage) संरचना, दुबैतर्फ अन्डरस्लुइस (Undersluice) तथा एक
ख) बाँधमा पानीको सतह (	: १७३.५ मी. (औसत समुद्र सतहबाट)
ग) खोलाको पींधको सतह (	: १६८.० मी. (औसत समुद्र सतहबाट)
घ) ब्यारेजको Crest Level	: १६९.५ मी. (औसत समुद्र सतहबाट)
ङ) अधिकतम पानीको सतह (	: १७७.४९ मी. (औसत समुद्र सतहबाट)
च) बाँधको लम्बाइ	: ३१७ मीटर
छ) पाट (Span) विवरण	
अ) ब्यारेज भाग (Barrage	: १३ वटा Bays X १७ मीटर
आ) दायाँ अण्डरस्लुइस	: ३ वटा Bays X १० मीटर
क) कुल लम्बाइ	
अ) दायाँ	: ४५.२५ कि.मी.
आ) बायाँ	: ५३.५० कि.मी.
ख) आइडल लम्बाइ	
अ) दायाँ	: ३० कि.मी.
आ) बायाँ	: १.५ कि.मी.
ख)कुल लम्बाइ(	
अ) दायाँ	: २३३ कि.मी.
आ) बायाँ	: १४५ कि.मी.
४. आयोजनाबाट लाभान्वित	
क) जनसंख्या	: ४,४९,५८८
ख) घरधुरी	: ४६,७१५
५. आयोजनाको	
क) कूल लागत	: रु. २५.०२ अर्ब

श्रोत : सिक्टा सिचाई आयोजना

१३. जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र (DEOC) स्थापना र यसको भूमिका :

जिल्लामा संचालन गरिने बिभिन्न आपतकालिन प्रतिकार्यलाई प्रभावकारी रुपमा संचालन गर्न गराउन र केन्द्रसँगको संयोजनलाई थप व्यवस्थित बनाई एकिकृत ढंगले विपद् प्रतिकार्य संचालनकालागि यस जिल्लामा २०६९ असार २४ मा जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना भई कार्य गर्दै आइरहेको छ । सबै स्थानिय तहहरुमा स्थानियमा आपतकालिन कार्य सञ्चालन केन्द्र **(LEOC)** स्थापनाको लागि प्रक्रिया अघि बढाई तिनीहरुसँग समन्वय गर्ने ।

१३.१ उद्देश्य :

जिल्लाको कुनै पनि स्थानमा कुनै प्रकारको विपद्को सम्भावनाको पूर्वसूचनाको ग्रहण तथा पूर्वचेतावनीको प्रवाह, विपद्को घटना पश्चात् राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र र स्थानीय तथा राष्ट्रिय सरोकारवालाबीच प्रभावकारी समन्वय कायम गरी विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउनु यस कार्यविधिको प्रमुख उद्देश्य रहेको छ । यस कार्यविधिका विशिष्ट उद्देश्य निम्नबमोजिम हुनेछन् :

- विपद्को समयमा मानवीय सहयोगलाई पारदर्शी, परिणाममुखी, जवाफदेही र प्रभावकारी बनाउन विपद् पूर्वतयारी र प्रतिकार्यका सन्दर्भमा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र तथा सरकारको निर्देशन कार्यान्वयन गर्ने जिम्मेवारी निर्धारण गर्नु,
- केन्द्रले विपद् प्रतिकार्यको प्रारम्भ गर्दा र समापन गर्दा अपनाउनु पर्ने कार्यविधि सुनिश्चित गर्नु,
- प्रभावकारी प्रतिकार्यका लागि विभिन्न सरोकारवाला निकायसँग निकटतम सम्बन्ध कायम गरी समन्वय गर्नु

१३.२ कार्यहरु :

सूचना व्यवस्थापन बिश्वासिलो, तथ्यपरक र जानकारी समयमा गराउने, प्रभावकारी विपद् व्यवस्थापनको लागि सरोकारवाला निकायको **क्षमता अभिवृद्धि** गर्ने, प्रभावकारी विपद व्यवस्थापनको लागि सरोकारवाला निकायहरुसंग **समन्वय र सहकार्य** गर्ने र विपद् व्यवस्थापन सम्बन्धि ऐन, नीति, नियम र **योजनाको कार्यान्वयन** गर्ने ।

१४. स्थानीय तहहरुको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको अवस्था :

क्र.स.	क्रियाकलाप	नेपालगंज	कोहलपुर	राप्तीसोनारी	नरैनापुर	डुडुवा	जानकी	खजुरा	बैजनाथ
१	विपद् व्यवस्थापन ऐन पारित भएको	छ	छ	छ	छ	छ	छ	छ	छ
२	स्थानिय विपद् व्यवस्थापन समिति गठन	छ	छ	छ	छ	छ	छ	छ	छ
३	वडा तहको विपद् व्यवस्थापन समिति गठन	छैन	छ	छ	छैन	छैन	छैन	छैन	छ
४	स्थानिय आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना भएको	छैन	छैन	छ	छैन	छ	छैन	छैन	छैन
५	आपतकालिन कोष स्थापना	छ	छ	छ	छ	छ	छ	छ	छ
६	आपतकालिन कोष परिचालन कार्यविधि	छ	छ	छ	छ	छ	छ	छ	छ
७	पूर्वतयारी तथा प्रतिकार्य योजना	छ	छ	छ	छैन	छैन	छैन	छैन	छ
८	विषयगत क्षेत्र (Cluster) बनेको छ	छ	छ	छ	छैन	छ	छैन	छ	छ
९	विपद् फोकल पर्सन तोकिएको	छ	छ	छ	छ	छ	छ	छ	छ
१०	विपद् व्यवस्थापन शाखा/उपशाखा	छ	छ	छ	छ	छैन	छ	छ	छ
११	आपतकालिन राहत सामग्री भण्डारण	छ	छ	छ	छैन	छैन	छैन	छैन	छ

१५.नयाँ संरचना अनुसार बाँके जिल्लाको विपद् जोखिम विश्लेषण

क्र.स.	नपा र गापा	साविकको क्षेत्र	सम्भावित विपद्को प्रकार						जम्मा	स्तर
			बाढी	आगलागी	महामारी	शीतलहर	हुरीवतास	भूकम्प		
१	नेपालगंज उपमहा नगरपालिका	नेग.नपा साविक १७ वडाहरु र कारकाँदौ,मनिकापुर,पुरैना, पुरैनी,बसुदेवपुर,परसपुर,जैसपुर,भवानीयापुर, पिप्रहवा, र हिरमिनिया वार्ड नं.७	५	१	४	१	१	३	१५	उच्च
२	कोहलपुर नगरपालिका	कोहलपुर, रभ्केना, नौवस्ता, शम्सेरगँज	४	१	१	१	२	३	१२	उच्च
३	डुडुवा गाउँपालिका	बनकट्टी	५	२	१	१	२	१	१२	उच्च
		बेतहनी	५	३	३	१	२	१	१५	उच्च
		होलिया	५	४	३	१	२	१	१६	उच्च
		हिरमिनियां, १,२,३,४,५,६,८	३	२	१	१	१	१	९	मध्य
		कम्दी	५	२	१	१	२	१	१२	उच्च
४	राप्ती सोनारी गाउँपालिका	कचनापुर	५	१	१	१	३	१	१२	उच्च
		फत्तेपुर	५	२	२	१	१	१	१२	उच्च
		बिनौना	४	१	२	१	३	१	१२	उच्च

		बैजापुर	४	१	२	१	२	१	११	मध्य
		महादेवपुरी	४	१	१	१	२	१	१०	मध्य
		खासकुश्मा	२	१	१	१	१	१	७	न्यून
५	नरैनापुर गाउँपालिका	गंगापुर	५	४	३	१	१	१	१५	उच्च
		मटेहिया	४	३	२	१	१	१	१२	उच्च
		नरैनापुर	२	४	१	१	२	१	११	मध्य
		कटकुइयां	१	४	१	१	२	१	१०	मध्य
		कालाफाटा	१	४	१	१	१	१	९	मध्य
		लक्ष्मणपुर	१	४	१	१	१	१	९	न्यून
६	खजुरा गाउँपालिका	बागेश्वरी	४	१	१	१	२	१	१०	मध्य
		सोनपुर	४	१	२	१	१	१	१०	मध्य
		सितापुर	४	१	१	१	१	१	९	मध्य
		उढरापुर	५	१	३	१	१	१	१२	उच्च
		राधापुर	१	१	१	१	१	१	६	न्यून
		रनियांपुर	३	१	१	१	१	१	८	न्यून
७	बैजनाथ गाउँपालिका	टिटिहिरिया	४	१	१	१	१	१	९	मध्य
		चिसापानी	२	१	१	१	३	१	९	मध्य
		नौवस्ता	४	१	१	१	२	१	१०	मध्य
		बनकटवा	५	१	१	१	३	१	१२	उच्च
८	जानकी गाउँपालिका	खजुराखुर्द	२	१	१	१	२	१	८	न्यून
		साइगांउ	२	१	१	१	१	१	७	न्यून
		बेलहरी	२	२	१	१	१	१	८	न्यून
		गनापुर	२	१	१	१	१	१	७	न्यून
		बेलभार	१	१	१	१	२	१	७	न्यून
		इन्द्रपुर	१	१	१	१	२	१	७	न्यून

नोटः: अंकभार ६ देखि ८ सम्मकोलाई न्यून, ९ देखि ११ सम्मको मध्यम र १२ देखि माथि उच्च जोखिममा नगर/गा.बि.स. रहेका छन् । विगतको विभिन्न विपद् र २०७१ को बाढीबाट भएको क्षतिको आधारमा जिल्लाको जोखिम विशलेष्ण गरिएको छ ।

१६. वि.सं. २०७७ (सन् २०२०) को लागि प्रतिकार्य योजना लक्ष्य निर्धारणः

विगतको विपद्को प्रभाव र त्यसले गरेको असरको आधारमा क्रमश यस वर्ष २०७७(सन् २०२०) को लागि बाढी लगायत आगलागी, भूकम्प, शितलहर, कोरोना भाइरस (कोभिड १९) समेतलाई ध्यानमा राखी २५००० घरधुरी र १,५०,००० जनसँख्या प्रभावित हुनसक्ने तथा ५००० घरधुरी पूर्णरुपमा क्षती हुनसक्ने विषयलाई मध्यनजर राखी निम्नानुसारको लक्ष्य निर्धारण गरिएको छ ।

वर्ष	बाढीको प्रभाव तथा पूर्वानुमान
बाढी २०६४ को प्रभाव	• प्रभावित घरपरिवार संख्या : ८१७१ • क्षति : ६८१० घरधुरी (आंशिकः ५७१५ र पूर्णः १०९५) • घाइतेहरूको संख्या : ५ मर्नेहरूको संख्या : ७ • विस्थापित परिवार : १९४७ • स्थायी रूपमा विस्थापित परिवार : १४२ • यसै गरी पानीका स्रोतहरू प्रदुषित भएका, विभिन्न सरुवा रोगहरू फैलिएको, यातायात बन्द, बिद्युत आपूर्ति पूर्ण रुपमा अवरुद्ध भएको, संचारसेवा अवरुद्ध भएको थियो । • ५७१ पशु चौपायाहरू हराएका । • २२९३ मेट्रिक टन खाद्यान्न क्षति भएको थियो भने १५४३ हेक्टर जमिन कटान भएको थियो ।
बाढी २०७१ को प्रभाव	• प्रभावित घरपरिवार संख्या : १२३४० • क्षति : ६८१० घरधुरी (आंशिक : ५७१५ र पूर्णः ३,२१२) • मर्नेहरूको संख्या : १५, विस्थापित परिवार : १२३४० • स्थायी रूपमा विस्थापित परिवार : ११२

	• यसै गरी पानीका स्रोतहरू प्रदुषित भएका, विभिन्न सरुवा रोगहरू फैलिएको, यातायात बन्द, बिद्युत आपूर्ति अबरुद्ध भएको, संचारसेवा अवरुद्ध भएको थियो । • ३८३ पशु चौपायाहरू हराएको, २६० गोठ, खोर नोक्सान भएको, • ६६१ मेट्रिक टन खाद्यान्न नष्ट (घरभित्रको) • ६३४४ मेट्रिक टन अन्नवाली खेतमै खडा अवस्थामा क्षति, • ४५४१ हेक्टर खेती योग्य जमिनमा क्षति र • २.३ हेक्टर घाँसबाली क्षति भएको थियो ।
वि.स. २०७२, को योजनामा लक्ष्य पूर्वानुमान	• प्रभावित हुनसक्ने घरपरिवार संख्या: १५००० (आंशिक: ११००० र पूर्ण ४००० घरपरिवार) • घाइतेहरूको संख्या : ०, मर्नेहरूको संख्या : ० • बिस्थापित हुनसक्ने परिवार : ४००० • स्थायीरूपमा विस्थापित हुनसक्ने परिवार : ० • पिउने पानीका स्रोतहरू प्रदुषित हुनेछन्, सरुवा रोगहरू फैलिन सक्छ, यातायात, विद्युत आपूर्ति, संचार सेवा अवरुद्ध हुनसक्छ । • ७४८ पशु चौपायाहरू हराएको, १०५ गोठ, खोर नोक्सान भएको, • ४००० मेट्रिक टन खाद्यान्न (घरभित्रको) • ८००० मेट्रिक टन अन्नवाली (खडावाली) मा क्षति, • ५००० हेक्टर खेती योग्य जमिनमा क्षति र • ५ हेक्टर घाँसबाली क्षति हुनसक्ने पूर्वानुमान गरी यो योजना तयार गरिएको छ ।
वि.स. २०७३ र २०७४ को योजनामा लक्ष्य र पूर्वानुमान	• प्रभावित हुनसक्ने घरपरिवार संख्या: १५००० (आंशिक: ११००० र पूर्ण ४००० घरपरिवार) • घाइतेहरूको संख्या : ०, मृत्यू हुनेहरूको संख्या : ० • बिस्थापित हुनसक्ने परिवार : ४००० • स्थायीरूपमा विस्थापित हुनसक्ने परिवार : ४००० • पिउने पानीका स्रोतहरू प्रदुषित हुनेछन्, सरुवा रोगहरू फैलिन सक्छ, यातायात, विद्युत आपूर्ति, संचार सेवा अवरुद्ध हुनसक्छ । • ४००० मेट्रिक टन खाद्यान्न (घरभित्रको) • ८००० मेट्रिक टन अन्नवाली (खडावाली) मा क्षति, • ५००० हेक्टर खेती योग्य जमिनमा क्षति र • ५ हेक्टर घाँसबाली क्षति हुनसक्ने पूर्वानुमान गरी यो योजना तयार गरिएको छ ।
वि.स. २०७४ र २०७५ को योजनामा लक्ष्य र पूर्वानुमान	• प्रभावित हुनसक्ने घरपरिवार संख्या: १५००० (आंशिक: ११००० र पूर्ण ४००० घरपरिवार) • घाइतेहरूको संख्या : ०, मृत्यू हुनेहरूको संख्या : ० • बिस्थापित हुनसक्ने परिवार : ४००० • स्थायीरूपमा विस्थापित हुनसक्ने परिवार : ४००० • पिउने पानीका स्रोतहरू प्रदुषित हुनेछन्, सरुवा रोगहरू फैलिन सक्छ, यातायात, विद्युत आपूर्ति, संचार सेवा अवरुद्ध हुनसक्छ । • ४००० मेट्रिक टन खाद्यान्न (घरभित्रको) • ८००० मेट्रिक टन अन्नवाली (खडावाली) मा क्षति, • ५००० हेक्टर खेती योग्य जमिनमा क्षति र • ५ हेक्टर घाँसबाली क्षति हुनसक्ने पूर्वानुमान गरी यो योजना तयार गरिएको छ ।
वि.स. २०७६ र २०७७ को योजनामा लक्ष्य र पूर्वानुमान	• प्रभावित हुनसक्ने घरपरिवार संख्या: २५००० (आंशिक: २०००० र पूर्ण ५००० घरपरिवार) • घाइतेहरूको संख्या : ०, मृत्यू हुनेहरूको संख्या : ० • बिस्थापित हुनसक्ने परिवार : ५००० • स्थायीरूपमा विस्थापित हुनसक्ने परिवार : ५००० • पिउने पानीका स्रोतहरू प्रदुषित हुनेछन्, सरुवा रोगहरू फैलिन सक्छ, यातायात, विद्युत आपूर्ति, संचार सेवा अवरुद्ध हुनसक्छ । • ५००० मेट्रिक टन खाद्यान्न (घरभित्रको) • १०००० मेट्रिक टन अन्नवाली (खडावाली) मा क्षति, • ५००० हेक्टर खेती योग्य जमिनमा क्षति र • ५ हेक्टर घाँसबाली क्षति हुनसक्ने पूर्वानुमान गरी यो योजना तयार गरिएको छ ।
वि.स. २०७७ र २०७८ को योजनामा लक्ष्य र पूर्वानुमान	कोरोना भाइरस (कोभिड १९) को प्रभाव र संक्रमणलाई मध्यनजर गरि सामाजिक दुरी कायम र व्यक्तिगत तथा स्वास्थ्य सुरक्षाका सामग्री सहित योजना अनुरुप कार्य गर्ने गरि, • प्रभावित हुनसक्ने घरपरिवार संख्या: २५००० (आंशिक: २०००० र पूर्ण ५००० घरपरिवार) • घाइतेहरूको संख्या : ०, मृत्यू हुनेहरूको संख्या : ० • बिस्थापित हुनसक्ने परिवार : ५००० • स्थायीरूपमा विस्थापित हुनसक्ने परिवार : ५०००

	• पिउने पानीका स्रोतहरू प्रदुषित हुनेछन्, सरुवा रोगहरू फैलिन सक्छ, यातायात, विद्युत आपूर्ति, संचार सेवा अवरुद्ध हुनसक्छ । • ५००० मेट्रिक टन खाद्यान्न (घरभित्रको) • १०००० मेट्रिक टन अन्नवाली (खडावाली) मा क्षति, • ५००० हेक्टर खेती योग्य जमिनमा क्षति र • ५ हेक्टर घाँसबाली क्षति हुनसक्ने पूर्वानुमान गरी यो योजना तयार गरिएको छ ।

१७. क्षेत्रगत अगुवा निकायका प्रमुख र सर्म्पक व्यक्तिहरू :

क्र.स.	क्षेत्रगत	क्षेत्रगत अगुवा निकाय	मुख्य जिम्मेवार व्यक्ति	पद	कार्यालय फोन	मोबाइल नं.	सर्म्पक व्यक्ति	मोबाइल नं.
१	समन्वय, खोज तथा उद्धार	जिल्ला प्रशासन कार्यालय	राम बहादुर कुरुङबाङ	प्रमुख जिल्ला अधिकारी	०८१५२०१८८	९८५८०२७७७७	हरिशचन्द्र शर्मा	९८४८१७१८९९
२	आपतकालिन र अस्थाई आवास तथा गैरखाद्य	सहरी विकास तथा भवन निर्माण बिभाग, संघिय आयोजना कार्यान्वयन इकाइ र रेडक्रस	शुवास बस्नेत, गोवर्धन सिंह सम्झना	डिभिजन प्रमुख, सभापति	०८१५२०२६४ ०८१५२०१०४	९८५८०२०२६४ ९८५८०२१५४७	होमनाथ भुसाल, दोलख ब.डाँगी	९८५८०२६३३६, ९८५८०२०९५९
३	खाद्यान्न व्यवस्थापन	कृषि ज्ञान केन्द्र	सागर ढकाल	प्रमुख	०८१५२०२२५	९८५८०४००२७	सकिल अहमद खाँ	९८४८०४६३८३
४	कृषि तथा जीविकोपार्जन	कृषि ज्ञान केन्द्र	सागर ढकाल	प्रमुख	०८१५२०२२५	९८५८०४००२७	सकिल अहमद खाँ	९८४८०४६३८३
५	खानेपानी तथा सरसफाई	खापा तथा सरसफाई डि.कार्यालय	भोला प्रसाद थापा	प्रमुख	०८१५२००६८	९८४१८६११५६	प्रकाशजँग शाह	९८४८०६१६९६
६	स्वास्थ्य तथा पोषण	स्वास्थ्य कार्यालय	धिरजँग शाह	प्रमुख	५२०१५८	९८५८०६०१५८	अंगद शाही	९८५८०२०८४९
७	संरक्षण	शिक्षा विकास तथा समन्वय इकाई	रामशुरेस यादव	प्रमुख	५२०३४१	९८५८०२३१०५	लोक ब.शाही	९८४८४३५८४०
८	शिक्षा	शिक्षा विकास तथा समन्वय इकाई	रामशुरेस यादव	प्रमुख	५२०३४१	९८५८०२३१०५	लोक ब.शाही	९८४८४३५८४०
९	पूर्वाधार (पुःनस्थापन तथा पुःननिर्माण)	जिल्ला समन्वय समिति/ पूर्वाधार विकास कार्यालय	मनिस कुमार अर्याल	प्रमुख	५२०००५	९८५८०६१०६०	रेखा श्रेष्ठ,	९८४८०२०७०१

नोटः राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७६ ले संघीय तहमा निम्न बमोजिमका ११ वटा विषयगत क्षेत्रहरू (Cluster) को पहिचान गरेको छ भने सोहि ढाँचामा आधारित भएर जिल्लाको अवस्था अनुसार जिल्ला तहमा निम्न बमोजिमका विषयगत क्षेत्रहरुको पहिचान गरिएको छ ।

☐ स्वास्थ्य र पोषण
☐ खानेपानी, सरसफाई र स्वच्छता प्रबर्द्धन
☐ आपत्कालीन आश्रयस्थल तथा गैह्रखाध सामाग्री व्यवस्थापन

☐ खाद्यन्न व्यवथापन, कृषी तथा जिविकोपार्जन
☐ शिक्षा र संरक्षण
☐ पूर्वाधार (पु:नस्थापन तथा पु:ननिर्माण)

क्षेत्रगत अगुवाहरूले प्रभावितहरूलाई पुऱ्याएको सेवाको विवरण जिल्ला आपतकालिन कार्य संचालन केन्द्र र जिल्ला विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराउने र प्राप्त सूचनालाई जिल्ला विपद् व्यवस्थापन समितिले प्राथमिकताको आधारमा तोकेको व्यक्तिले आम संचारमा प्रवाह गर्नेछ ।

१८.क्षेत्रगत निकायहरूले विपद् प्रतिकार्यको लागि प्रस्ताव गरेको अनुमानित बजेट साराश :

क्र.सं	विषयगत क्षेत्र	जम्मा अनुमानित बजेट	उपलब्ध श्रोत (सामग्रीगत+नगद)	नपुग (आवश्यक) बजेट
१	समन्वय, खोज तथा उद्धार	१७,२०००.००	१०००००००.००	७२००००.००
२	आपतकालिन आवास तथा गैरखाद्य सामग्री व्यवस्थापन	५२३६००००.००	१६८४४४००.००	३५५१५६००.००
३	खाद्यान्न व्यवस्थापन (तयारी खाद्यवस्तु समेत) र कृषि तथा जीविकोपार्जन	१६३५२६०००.००	००.००	१६३५२६०००.००
४	खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन	६२१२०००.००	००.००	६२१२०००.००
५	स्वास्थ्य तथा पोषण	१३६००००००.००	००.००	१३६००००००.००
६	संरक्षण	९७००००.००	००.००	९७००००.००
७	शिक्षा व्यवस्थापन	२५७८६००.००	१०५००००.००	१५२८६००.००
८	पूर्वाधार (पुन:स्थापना तथा पुन:निर्माण)	१९०,०००००	००.००	१९०,०००००
जम्मा		**२५८४१८६००.००**	**१८८९४४००.००**	**२४१०७२२००.००**

नोट : उपरोक्त विषयगत क्षेत्रसंग सम्बन्धित कार्यालयहरूको बार्षिक कार्यक्रम तथा बजेटमा विपद् व्यवस्थापनका लागि बजेट विनियोजन नहुने गर्नाले विपद् पश्चात सम्बन्धित कार्यालय मार्फत कार्यक्रम संचालन गर्न तथा बजेट व्यवस्थापन गर्न समस्या पर्ने गरेको छ ।

परिच्छेद-२
क्षेत्रगत प्रतिकार्य योजना

१. समन्वय खोज तथा उद्धार

बिषयक्षेत्र : समन्वय, खोज तथा उद्धार
मुख्य विपद्को किसिम : बाढी, आगलागी, भूकम्प आदि ।
क्षेत्रगत अगुवा : जिल्ला प्रशासन कार्यालय

समन्वय : विपद्को कुनै पनि घटना घट्नासाथ त्यसलाई तत्काल व्यवस्थापन गरी सामान्य अवस्थामा ल्याउन सम्बद्ध निकायहरू र व्यक्तिसंग समन्वय गरी सोकार्यको प्रतिकार्य गर्नुपर्ने हुन्छ । खास गरी जिल्ला विपद् व्यवस्थापन समितिको अध्यक्ष एबम् खोज तथा उद्धार समितिको सँयोजकको हैसियतले प्रमुख जिल्ला अधिकारीले जिल्ला विपद् व्यवस्थापन समिति लगायत अन्य सरोकारवाला सँघ-संस्था र व्यक्तिहरूसंग समन्वय गरी विपद्को घटना भएको मिति, स्थान र घटनाको अवस्था सम्बन्धमा जानकारी गराई विपद् व्यवस्थापन सम्बन्धमा आवश्यक निर्णयहरू लिनु पर्ने हुन्छ ।

खोजी : कुनै पनि प्राकृतिक वा कृतिम प्रकोपको अवस्थामा गरिनुपर्ने पहिलो कार्य खोजी हो । बाढी, आगलागी भूकम्प जस्ता प्राकृतिक र मानव सृजित प्रकोपले मानव जीवनलाई सामान्य अवस्थाबाट असामान्य अवस्थामा पुऱ्याई दिन्छ । यस्तो असामान्य अवस्थामा घटनास्थलमा तत्काल उद्धारकर्मीहरुद्वारा उद्धार सामाग्री सहित मानव, पशु, धन बचाउँको लागी गर्ने कार्य खोजी हो ।

उद्धार : प्राकृतिक प्रकोपले तहस नहस बनाएका मानव सिर्जित भौतिक संरचना तथा खोलानालाले बगाएर संकटासन्न अवस्थामा रहेका व्यक्ति, धन सम्पती, पशु चौपायालाई खोजी गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्नु नै उद्धार हो । यस्तो कार्य गर्दा सधै बृद्ध, बृद्धा, गर्भवती-सुत्केरी महिला, बालबालिका, फरक क्षमता भएका, घाईते बिरामीलाई प्राथमिकता दिई उद्धार गरिन्छ । उद्धार कार्यको साथसाथै प्राथमिक उपचार, उनिहरुको सुरक्षा र खाने व्यवस्था पनि संगसंगै गरिन्छ । यो कार्य पीडितहरूको पूनर्स्थापना नभएसम्म चलिरहन्छ ।

अनुमानित अबस्था: यस वर्ष पनि प्रभावित हुनसक्ने परिवार तथा जनसंख्या: २५,००० परिवारका १५००,००० जनसंख्या हुनसक्ने छन्, जसमध्ये पूर्ण प्रभाभित वा विस्थापित हुने परिवार सँखया ५००० हुनेछ । विपद्ले पुऱ्याउन सक्ने असरको अवस्था निम्न वमोजिम हुन सक्नेछ ।

- सार्वजनिक पूर्वाधारहरू (भवन, सडक, पुल, बिद्युत, आपूर्ति, सञ्चार) नष्ट,
- आवास तथा व्यक्तिगत सम्पत्ति अस्थायी रूपमा क्षति, बाल-वालिका, महिला, वृद्ध-वृद्धा तथा फरक क्षमता (अपाङ्ग) भएका मानिसहरू मुख्य रूपमा प्रभावित हुने,
- विद्यालयमा कक्षा कोठा, प्रहरी चौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथी चाप पर्ने,
- सामुदायिक संस्थागत ठाउँहरूमा अस्थायी आवासमा बसेको समयमा सामुदायिक स्वास्थ्य सम्बन्धी प्रचलनहरूमा चुनौती,
- आवास सम्बन्धी सहयोग आवश्यक हुने गरी विस्थापित परिवारको सङ्ख्या बढ्नसक्ने छ ।

विषयगत उद्देश्य:

- विपद् पूर्व नै प्रभावित हुन सक्ने समुदाय र मातहतका सुरक्षा बेसक्याम्प, इलाका प्रहरी चौकी, रेडक्रसका स्थानिय स्तरहरुमा खोज तथा उद्धारका आवश्यक सामाग्रीको प्रवन्ध मिलाउने,
- सूचना व्यवस्थापन तथा पूर्व सूचना प्रणालीलाई चुस्त दुरुस्त पार्ने व्यवथा मिलाउने ।
- बिपद्को कारणले जीवन जोखिममा परेका व्यक्तिहरूको क्रमश प्राथामिकतानुसार उद्धार गर्ने ।
- संकटासन्न रहेका पीडितहरूको उद्धारको क्रममा प्रभावकारी समन्वय र संयोजनको कार्यमा सक्रिय रहने ।
- बिपद्को बेला हराईरहेका नागरिकहरूको बिवरण तयारी गर्दै खोजी कार्य गर्ने ।
- जीवन रक्षा,हराएका मानिस,पशुधनको खोजी, मृत अवस्थामा रहेकोको उचित रेकर्ड सहित व्यवस्थापन गर्ने ।
- बिस्थापित व्यक्तिहरूको अस्थायी स्थानान्तरण तथा सुरक्षा प्रदान गर्ने ।
- घाईते बिरामीहरूको प्राथमिक उपचार प्राथमिकताका आधारमा गर्ने ।
- विपद्मा परेकालाई समयमै आधारभूत आवश्यकताका राहत सामग्री वितरण गर्ने ।
- सम्पूर्ण सम्बन्धित निकायले उद्धार सामाग्री मर्मत गरी तयारी अवस्थामा राख्ने ।
- नेपाल रेडक्रस सोसाइटीसँग समन्वय गरेर वार्षिक रुपमा कृत्रिम घटना अभ्यास गर्ने ।

मानवीय सहयोगका मापदण्ड :

- विपद् भए लगत्तै उपकरण सहित खोजी तथा उद्धार टोली खटाउने ।
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने ।
- सुविधाबाट एकदमै वञ्चित समूह/संकटासन्न अवस्थामा रहेका व्यक्ति लगायत सबैलाई गरिएको उद्धार र वितरण गरिएका सहयोग सम्बन्धी गतिविधिको अनुगमन ।
- आवश्यकतानुसार प्रारम्भिक लेखाजोखा IRA र बिस्तृप्त घरधुरी सर्वेक्षण टीम खटाउने ।
- पहिलो हप्तामा परिस्थितिका बारेमा दिनदिनै प्रतिवेदन पेस गर्ने र त्यसपछि हरेक दुई हप्तापछि ।
- शिविर समन्वय तथा व्यवस्थापन (CC&CM) को अनुगमन गर्ने तथा प्रतिवेदन गर्ने (फाराम सहितको) संयन्त्र ।
- पहिलो हप्तामा हरेक दिन र प्रकोप भएको २४ घण्टाभित्र समाचार संचार माध्यममा पठाउने ।
- नियन्त्रण तथा मानवीय सहयोगसम्बन्धी मापदण्ड कायम गर्ने सांस्कृतिक, सामाजिक तथा आर्थिक रूपमा स्वीकार गर्न सकिने सामग्री-दाता/सहयोग उपलब्ध गराउने (निकायबाट प्रत्यक्ष वितरण होइन) ।
- स्थानिय विपद् उद्धार समितिलाई सक्रिय पार्ने (अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन) ।

विषयगत क्षेत्रका सदस्य संस्थाहरूको सम्पर्क विवरण:

सि.नं.	संस्थाको नाम	सम्पर्क बिवरण		
		प्रमुख व्यक्ति	फोन	इमेल
१	जिल्ला प्रशासन कार्यालय	राम बहादुर कुरुम्बाङ	९८५८०२७७७७	daobanke81@gmail.com
	जिल्ला विपद् व्यवस्थापन समिति, फोकल पर्सन	हरिशचन्द्र शर्मा	९८४८१७१८९९	harishcs70@gmail.com
२	श्री भैरव प्रसाद गण	नकुल थापा	९८४१२२६१७४	rudradhoj@yahoo.com
३	जिल्ला प्रहरी कार्यालय	ओम बहादुर राना	९८५८०५५५५५	dphobanke@yahoo.com,
४	स.प्र.बल नेपाल ३० नं बाहिनी	दिपक अधिकारी	९८५१२७२११७	apfbanke.bso@gmail.com
५	राष्ट्रिय अनुसन्धान कार्यालय	कमल भट्टराई	९८५८०३७०७७	ghimirenews77@gmail.com
६	जि.स.स.को कार्यालय	लोक बहादर सुनार	९८६६८१२२२०	rekha.shrestha2022@gmail.com
७	नेपाल रेडक्रस सोसाइटी	दोलख ब.डाँगी	९८५८०२०९५९	dolakh.dangi@gmail.com
८	कर्णाली बेसिन कार्यालय	बिनोद पराजुली	९८५८०५२२३४	
९	फुल कुमारी चौधरी	सेभ द चिल्ड्रेन	९८६८४०४९७५	phul.chaudhary@savethehildren.org
१०	गौरीलाल बुढाथोकी	जिल्ला आपतकालिन कार्य संचालन केन्द्र	९८५८०२७५५१	gauribc@gmail.com , deocbanke@gmail.com

विपद् प्रतिकार्य योजना

विपद् पश्चातको अवधि	विपद्को अवस्थामा गरिने आपत्कालीन कार्य (विपद्को प्रकृतिमा आधारित)	आपत्कालीन अवस्थामा गरिने पूर्वतयारी कार्य	पूर्वतयारी कार्य संवोधन गर्न नपुग श्रोत पहिचान	मुख्य जिम्मेवार निकाय	पूर्वतयारी कार्यका लागि अनुमानित लागत
पहिलो दिन	आपतकालिन बैठक	सूचनाा व्यवस्थापन तथा सम्प्रेषण, निकटतम सम्पर्क रहने,	खोज तथा उद्धार सामग्रीहरूको आवश्वयक बस्दोवस्ती र प्राथमिक उपचार टोली तयारी अवस्थामा राख्ने र परिचालन	जिल्ला प्रशासन कार्यालय, जिल्ला आपतकालिन कार्य सँचालन केन्द्र	५०,०००
	खोज तथा उद्धार टोलीको परिचालन र खोज तथा उद्धार कार्यको थालनी ।	खोज तथा उद्धारका लागि खटिने टोलीलाई आवश्यक वन्दोवस्तीको तयारी	खोज तथा उद्धार टोली तयारी अवस्थामा छ साथै उद्धार सामग्रीहरू पनि छ ।	जिल्ला प्रशासन, सुरक्षा निकाय	१५,००००
	सूचना संकलन तथा अवस्थाको प्रतिवेदन ।	खोज तथा उद्धारका लागि खटिने टोलीलाई Dos and Don't को बारेमा अभिमुखिकरण	अभिमुखिकरण गरी सकिएको	सुरक्षा निकायहरु र जिल्ला आपतकालिन कार्य सँचालन केन्द्र	१५,००००
	शान्ती सुरक्षालाई कायम राख्नको लागि आवश्यक सुरक्षा व्यवस्था मिलाउने ।	संचारको उपयुक्त संयन्त्रको स्थापना ।	विपदमा गरिने संरचना र संयन्त्रको व्यवस्था स्पष्ट रहेको	जिल्ला प्रशासन कार्यालय, ५ नं. प्रदेश	१०,०००
	प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने ।	खोज तथा उद्धारका लागि आवश्यक ओजारहरूको व्यवस्था	केही अप्रयाप्त रहेको ।	जिल्ला प्रशासन कार्यालय, ५ नं. प्रदेश	०
	राहत सहयोग सामग्रीहरू वितरणका लागि आवश्यक व्यवस्थापन र तयारी ।	क्षेत्रगत नेतृत्व गर्ने निकायहरूसंग समन्वय बैठक गर्ने ।		जिल्ला प्रशासन कार्यालय, स्थानिय तह	२,०००००
	क्षेत्रगत सदस्यहरूसंग वैठक तथा अन्य मानवीय संघ संस्थाहरूसंग समन्वय ।	आवधिक बैठक गर्ने		जिल्ला प्रशासन कार्यालय	१०,०००
	Update/Establishment of DEOC	आवधिक बैठक गर्ने		जि. प्रशासन कार्यालय, ५ नं. प्रदेश	१५००००
	सुरक्षा निकायहरू वीच आपसी समन्वय गर्ने ।	विपद व्यवस्थापन कार्यसंग सम्बन्धी अभ्यास (Command Post/ Live Exercise/Recee) हरू गराई फौजलाई तयारी राख्ने ।	खोज तथा उद्धार सामाग्री व्यवस्थापन तथा परिचालन	जिल्ला प्रशासन कार्यालय, ५ नं. प्रदेश सुरक्षा निकाय, स्थानिय तह	१०,०००००

विपद् पश्चातको अवधि	विपद्को अवस्थामा गरिने आपत्कालीन कार्य (विपद्को प्रकृतिमा आधारित)	आपत्कालीन अवस्थामा गरिने पूर्वतयारी कार्य	पूर्वतयारी कार्य संवोधन गर्न नपुग श्रोत पहिचान	मुख्य जिम्मेवार निकाय	पूर्वतयारी कार्यका लागि अनुमानित लागत
		प्रभावित इलाकाको उपयुक्त स्थानमा हेलिप्याड, LZ/DZ तयार गर्ने । प्रभावित स्थानसम्म जाने मुख्य र वैकल्पिक मार्गहरू पहिचान गर्ने ।			
	आकस्मीक कक्ष, उपचार केन्द्र, सूचना सम्प्रेसन कक्ष र राहत सामग्री वितरण कक्षहरूको स्थापना गर्ने	हरेक कक्षको लागि टोलीको निर्माण गर्ने ।	टोलीको निर्माण गर्नु पर्ने ।	DDMC/DEOC सबै सुरक्षा निकायहरु	
दोस्रो दिन	अस्थायी शिविरका लागि व्यवस्थापन गर्ने ।	खोज तथा उद्धार स्रोतको नक्साकन ।	नक्साकंन गरिसकिएको ।	DDMC/DEOC सबै सुरक्षा निकायहरु	
	परिस्थितिको पुनरावलोकन गरी आवश्यक स्रोत साधनको लागि क्षेत्र तथा केन्द्रसंग माग तथा परिचालन ।	Identification of the Location for establishment of forward Base.	Location for Identification गरि सकिएको ।	सबै सुरक्षा निकायहरु	
	Establishment of Command Base/ Forward Base /Disaster Site Control Team	Identification of the Location	Location for Identification गरि सकिएको ।	सबै सुरक्षा निकायहरु	
	खोज तथा उद्धार कार्यमा भएका प्रगति तथा अवस्थाको सरोकारवालाहरूलाई जानकारी ।			DDMC/DEOC	
पहिलो हप्ता	सम्भावित महामारी फैलिन नदिन आवश्यक पहल गर्ने ।		पहिचान गरिसकिएको छ ।	जिल्ला विपद् व्यवस्थापन समिति	
दोस्रो हप्ता	हराई वेपत्ता भएका मानिसको खोजी तथा पहिचान कार्यलाई निरन्तरता दिने	सरोकारवालाहरू वीच समन्वय	निरन्तर समन्वय गरिनु पर्ने ।	रेडक्रस स्वास्थ्य कार्यालय,सुरक्षा निकायहरु	
सो भन्दा वढी	विपद्को अवस्थाको विश्लेषण र समग्र शान्ति सुरक्षाका लागि कार्य योजना तयार	नियमित बैठक र अवस्था अद्यावधिक गर्ने ।		जिल्ला विपद् व्यवस्थापन समिति	
जम्मा					**१७,२०,०००**

आवश्यक आर्थिक श्रोत : **१७,२०,०००** उपलब्ध :१०,००००० (DDMC)

नपुग श्रोत : **७,२०,०००**

नपुग श्रोत नेपाल सरकार संघ प्रदेश र स्थानिय निकाय र जिल्ला स्थित सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय गरी व्यवस्थापन गर्ने प्रयास गरिने छ ।

कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य :

सि.नं.	प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची	मुख्य जिम्मेवार निकाय	कार्यान्वयन गर्ने तरिका	समय सिमा (कार्य तालिका)
१	जोखिममा रहेका समुदायको पहिचान	जिल्ला समन्वय समिति, रेडक्रस, जिल्ला आपतकालिन कार्य सँचालन केन्द्र	सूचना सँकलन र सम्प्रेषण, सर्वेक्षण, कार्यालय प्रोफाइल	बर्षमा एक पटक, विपद पूर्व (मँसिर पौष महिना)
२	क्षेत्रगत नेतृत्व गर्ने निकायहरूसंग समन्वय बैठक गर्ने ।	जिल्ला प्रशासन कार्यालय	बैठक,	विपद्पूर्व आवधिक रूपमा तथा विपद् पश्चात तत्कालै
३	विपद व्यवस्थापन कार्यसंग सम्बन्धी अभ्यास (Command Post/ Live Exercise/Recee) गराई फौजलाई तयारी राख्ने ।	नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल	तालिम तथा कृत्रिम घटना अभ्यास	अषाढको दोस्रो हप्ता
४	प्रभावित इलाकाको उपयुक्त स्थानमा हेलिप्याड साथै LZ/DZ तयार गर्ने ।	नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल	बैठक, निर्माण	विपद् पूर्व
५	प्रभावित स्थान सम्म जाने मुख्य तथा वैकल्पिक मार्गहरू पहिचान गर्ने ।	नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल	बैठक, निर्माण	विपद् पूर्व
६	आकस्मीक कक्ष, उपचार केन्द्र, सूचना सम्प्रेशण कक्ष तथा राहत सामग्री वितरण हरेक कक्षका लागि टोलीको निर्माण गर्ने ।	नेपाली सेना, नेपाल प्रहरी, शसस्त्रप्रहरी बल, राष्ट्रिय अनुसन्धान, जिल्ला जनस्वास्थ्य कार्यालय	समन्वय बैठक, टोलीको निर्माण	अषाढको अन्त्य सम्ममा
७	तालिम तथा खोज तथा उद्धार स्रोतको नक्साकन र सँकलन	जिल्ला प्रशासन कार्यालय, रेडक्रस, जिल्ला आपतकालिन कार्य सँचालन केन्द्र	अभिमुखिकरण, तालिम, बैठक	बाढीको अगावै सम्म तयारी अवस्थामा रहने
८	सुरक्षा निकायका इकाईर तथा समुदाय स्तरका सामुदायिक समितिहरुलाई अभिमुखिकरण	जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल,	समन्वय	अषाढको अन्त्य सम्ममा
९	उद्धार बेश स्थापनाका लागि उचित स्थानको छनौट	नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल	गरिसकिएको/आवश्क्तानुसार गर्ने	

बाँके जिल्ला स्थित संकटासन्न अवस्थामा रहेका स्थानहरूको लागि छानिएका सुरक्षित स्थान

क्र.सं.	ठेगाना	साविक	बाढी प्रभावित वस्तीको नाम	डुवान पीडितहरुलाई तत्काल राख्न सक्ने
१	राप्तीसोनारी १	कुसुम	सिक्टा, जरुवा, बैरीया, ओजखोला, चप्परगौढी, तितेनघारी	भानु प्रावि, नजीकको अग्लो सा.बन, कुसुमेश्वर मावि, वडा कार्यालय भवन र
२	राप्तीसोनारी २	क्चनापुर	हरिहरपुर, औरुवाह, टिकुलीपुर,शम्शेरगञ्ज, बेलबास,	साबन भवन, दुर्गामावि वा अग्लो स्थान, नेरा आधारभूत बिद्यालय राजपुर, वडा
३	राप्तीसोनारी ३	बैजापुर	शाहीपुर, नवलपुर, बैशा, गर्लाबाज, सिनाबाज र जंगपुर	खैरहनी र साईपुरमा भएको २ कोठे २ वटा सुरक्षित आश्रय भवन, गणेश प्रावि
४	राप्तीसोनारी ४	बैजापुर	लालपुर, धामपुर र भगवानपुर परसरामपुर, माहुटोलको उतर	सुरक्षित आश्रय भवन,परसरामपुर, आश्रय, इलाका प्रहरी कार्यालय,

५	राप्तीसोनारी ५	बिनौना	ललही, आलीनगर, गोंधोई, रिहारडाँडा, बिनौनागाँउं	ललही सुरक्षीत आश्रय भवन, आधारभुत निमावी आलीनगर र चिलरीया आवासिय
६	राप्तीसोनारी ६	फत्तेपुर	खल्लाटेपरी, गोडिनपुरवा,ढलैया, महिमानपुर, लक्ष्मीराजपुर, सिधनवा,	सिद्धेश्वर उ.मा.वि.भवन, सरस्वती आधारभुत मावि पनेरिया, गुलरीको
७	राप्तीसोनारी ७	फत्तेपुर	खल्ला झगडिया, बसन्तापुर, भवानियापुर, पहाडीपुर, देउपुरा, पिप्रहवा, गेदवाभर्था, सोनपुर,	हुलाकी राजमार्ग, सोदेखि उत्तरको खुला स्थान, बालशान्ती आधारभुत बिद्यालय, नि.मा.वि. भवन-सर्री,
८	राप्तीसोनारी ८	महादेपुरी	बालापुर,पेरानी (खल्लागाउँ),ओबरीको बनखेत र जिरोबजार पछाडी र	शिव शक्ती मावि पेरानी, बिभिन्न ८ स्थानमा रहेका सामुदायिक बन भवन
९	राप्तीसोनारी	महादेपुरी	ढकेरी, महादेवा, ढकेरी बस्ति	बिद्यालय र सामुदायिक बन भवन
१०	ने.ग २०	मनिकापुर	मदनापुर	आदर्श उच्च माध्यामिक बिद्यालय, राँझा
११	खजुरा ५ र ६	उढरापुर	गिजरा, पुरैना, दशविघा, आठविघा, बाह्रविगा, शान्तिनगर, सल्यानीटोल ।	जनसेवा मावि, जनकल्याण मावि, गुलरिया नेपालगंज सडक
१२	खजुरा २	सितापुर	नयागुँरासपुर, सताउसधुरी, गौघाट मानकिनार, बर्मेलीटोल	योगिनी मावि, नेराप्रावी गुंरासपुर, रेडक्रस उपशाखा भवन, हेल्थपोष्ट
१३	डुडुवा १	होलिया	पिप्रहवा, कृषिचौफेरी, छोटकीचौफेरी पाझा, खडैचा, टेपरी	जनता मावि पिप्रहवा, नेराप्रावि कृषिचौफेरी र हजरत सामुदायिक बन
१४	डुडुवा २	बेतहनी	सन्तलिया, अमृतपूर्वा, भेलोरपूवा, दासपूर्वा, खालेपूर्वा, बाबागाउँ,	पक्की घरको छत र पशुपति मावि, नौरीगौढी,
१५	डुडुवा ३	बनकट्टी	रमपूर्वा, कटैहिया, हलकारापूर्वा,	वडा नं.३ कार्यालय, मावि बनकट्टी,
१६	डुडुवा ४	कम्दी	खालेमसाहा र लालापूर्वा	वडा नं.४ कार्यालय, निमावि साहपूर्वा,
१७	डुडुवा ५	कम्दी	खजुरा गौडि, लडियाघाट, सिधनिया तल्लो वस्ती, लिबाङ्गीटोल र	शहिद मावि कम्दी, स्वास्थ्य चौकी छग्रहवा
१८	नरैनापुर १	कटकुइया	बानीयागाउँ र महतनिया	भारतद्धारा निर्माण गरिएको पक्की बाटो,
१९	नरैनापुर ४	नरैनापुर	नरैनापुरटोल, घोरदौरिया	भारतद्धारा निर्माण गरिएको पक्की बाटो,
२०	नरैनापुर ५	मटेहिया	मटेहिया गाउँको केही घर, भगवानपुर	२४ बिगाहा, स्वास्थ्य चौकी, वडा
२१	नरैनापुर ६	गंगापुर	सोनिवर्षा, कुदरबेटवा, गंगापुर,	२४ बिगाहा, आधारभुत बिद्यालय जमुनी,
२२	कोहलपुर		कालिकानगर	ज्ञानज्योति बयिया मावि, कालिकानगर
२३	कोहलपुर		मुक्तकमैयाटोल,	सहिद स्मृति भवन
२४	कोहलपुर		चप्परगौढी	ज्ञान ज्योति मावि चप्पचरगौढी
२५	कोहलपुर		बजारटोल	त्रिभुवन उमावि
२६	बैजनाथ २		मकैबारी, जबदहवा,	सुर्योदय मावि चिसापानी,
२७	बैजनाथ ३		रामपुर, कलरामपुर	
२८	बैजनाथ ४		बानियाभार	
२९	बैजनाथ ५		थमनिया, गुरुवागाउँ	
३०	बैजनाथ ६		गरही, सम्झनाबजार,	
३१	बैजनाथ ८		गुरुदयालपुर, चादनीचौक, थपूवा र	
३२	जानकी १		साइगाउँ, शिवपुरी, पचपोखरा, बढैया	

बिपद् खोज तथा उद्धारमा संलग्न निकायगत स्रोत साधनको आंकलन र पूर्वतयारी :

SN	SAR item	Unit	Stock with agencies and quantity													
			Nepal Army	Nepal Police	Armed Police	DAO/ DEOC	NRCS(in community)	Nepal gunj	Kohalpur Mun	Baijanath RM	Janki RM	Khajura RM	Raptisonari RM	Narainapur RM	Duduwa Rm	AFP, DMT Bageswari
1	Life Jacket	Piece	106	71	85	38	115	48	0	25	0	0	78	16	80	0
2	Stretcher	Piece	5	7	5	11	25	5	0	0	0	0	6	0	6	0
3	First Aid Box	Piece	4	0	5	1	8	50	0	0	0	0	0	0	15	0
4	Rubber Boat	Set	1	0	1	2	1	0	0	0	0	0	3	2	1	3
5	Bucket/Gaiti/Belcha	Piece	230	29	65	57	50	20	0	30	0	0	520	0	5	0
6	Search Light	Piece	3	2		1	0	0	0	0	0	0	0	0	0	0
7	Rope Way Dori	Piece	0	13	300	202	25	0	0	2	0	0	13	10	5	0
8	Wooden Boat	Piece	0	6	0	0	0	0	0	0	0	0	0	0	2	0
9	Out Boat Motor/Motor boat	Piece	1	0	0	0	0	0	0	0	0	0	0	0	0	0
10	Rubber Tube	Piece	10	8	3	10	5	0	0	0	0	0	5	2	2	0
11	Safety Helmet	Piece	40	12	25	30	125	0	0	20	0	0	50	6	6	0
13	Sairon	Piece	0	0	0	0	5	0	0	1	0	0	2	0	1	0
14	Mega Phone	Piece	5	3	25	2	25	0	0	1	0	0	3	0	0	0
15	Foot Pump	Piece	0	0	0	2	0	0	0	0	0	0	1	0	1	0
16	Dispensary Tents	Set	0	0	0	1	0	0	0	100	0	0	0	0	0	0
17	Paddles with master Paddle	Piece	0	0	0	13	0	0	0	0	0	0	0	0	0	0
18	Life Bouy	Piece	0	0	0	1	0	0	0	1	0	0	1	0	0	0
19	Carabineer(with Lock)	Piece	39	0	0	2	0	0	0	0	0	0	0	0	0	0

20	Almunium Ladder	Piece	0	0	0	2	0	0	0	0	0	0	1	0	0	0
21	Rubber Boot	Piece	0	0	0	30	0	0	0	0	0	0	0	0	8	0
22	Throw Bag	Piece	0	0	0	1	0	0	0	5	0	0	13	10	86	0
23	Gall/Shovel	Piece	0	0	0	13	0	0	0	0	0	0	0	0	0	0
24	Working Gloves	Piece	0	0	0	40	0	0	0	100	0	0	2	0	0	0
25	Mask	Piece	0	0	0	50	0	0	0	2000	0	0	100	0	0	0
26	Faruwa	Piece	0	0	0	10	0	0	0	20	0	0	10	0	0	0
27	Raincoat	Piece	0	0	0	10	0	0	0	0	0	0	0	0	0	0
28	Hand saw	Piece	0	0	0	5	0	0	0	0	0	0	1	0	0	0
29	Axe	Piece	0	0	0	5	0	0	0	0	0	0	0	0	0	0
30	Tent Big (Inner)	Set	0	0	0	7	0	0	0	0	0	0	0	0	0	0
31	Tent Big (Outer)	Set	0	0	0	9	0	0	0	0	0	0	0	0	0	0
33	Head Light	Piece	0	0	0	15	0	0	0	0	0	0	20	0	0	0
34	Sabel	Piece	0	0	0	20	0	0	0	0	0	0	20	0	0	0
35	Carlson Hand Pump 4''	Piece	0	0	0	1	0	0	0	0	0	0	0	0	0	0
36	Hand Held Search Light	Piece	0	0	0	1	0	0	0	0	0	0	0	0	0	0
37	Harnes	Piece	20	0	0	0	0	0	0	0	0	0	4	0	0	0
38	Fire Fighing clothsoot	Piece	3	0	0	0	0	0	0	0	0	0	0	0	0	0
39	Safety Boot	Piece	0	0	0	0	0	0	0	0	0	0	20	0	0	0
40	Safety/Rescue Rope	Roll	0	0	0	0	0	0	0	0	0	0	50	0	2	0
41	Working Glass	Piece	0	0	0	0	0	0	0	0	0	0	30	0	0	0

42	Wire Cutter	Piece	0	0	0	0	0	0	0	0	0	0	2	0	8	0
43	Hammer	Piece	0	0	0	0	0	0	0	0	0	0	2	0	8	0
44	Multi Purpose Knife	Piece	0	0	0	0	0	0	0	0	0	0	2	0	0	0
45	Googles	Piece	0	0	0	0	0	0	0	0	0	0	6	0	0	0
46	Measuring Tape	Piece	0	0	0	0	0	0	0	0	0	0	2	0	0	0
47	Rotary Hammer (7.2 kg.)	Piece	0	0	0	0	0	0	0	0	0	0	1	0	0	0
48	Life wire ring	Piece	0	0	0	0	0	0	0	0	0	0	3	0	0	0
49	Life line rope (Huge)	Piece	0	0	0	0	0	0	0	0	0	0	500	0	0	0
50	Pry Bar	Piece	0	0	0	0	0	0	0	0	0	0	50	0	2	0
51	Crow Bar	Piece	0	0	0	0	0	0	0	0	0	0	50	0	2	0
52	Fire Extinguisher	Piece	0	0	0	1	0	0	0	0	0	0	50	0	3	0
53	Fire Ball	Piece	0	0	0	0	0	0	0	0	0	0	50	0	2	0

आगलागी तथा बाढी पीडित उद्धारमा परिचालीत हुने जनशक्तिको बिवरण :

सि.नं.	संस्था	तालिम प्राप्त जनशक्ति	परिचालित हुन सक्ने जनशक्ति	सम्पर्क फोन नम्बर
१	नेपाली सेना	११५	१००० जना	५६५०५८, ५६५३००
२	नेपाल प्रहरी	१५	७०० जना	१००, ५२०२११
३	सशस्त्र प्रहरी	५०	८०० जना	५२७२७१, ५२७२७०
४	नेपाल रेडक्रस सोसाइटी	२७३	५० जना	५२०१०४, ५२१२५६

२) अस्थायी आवास तथा गैरखाद्य सामग्री :

विषयगत क्षेत्रको नाम :अस्थायी आवास तथा गैरखाद्य सामग्री व्यवस्थापन
मुख्य विपद्को किसिम :बाढी, आगलागी, भूकम्प, कोभिड-१९ महामारी आदि,
क्षेत्रगत अगुवा :शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वन इकाई कार्यालय र नेपाल रेडक्रस सोसाइटी, बाँके

अनुमानित अवस्था : बाढीबाट २५ हजार घरधुरी १,५०००० परिवार प्रभावित हुनसक्ने पूर्वानुमान गरिएको छ । विगतका विपद्हरूबाट प्रभावित भएका परिवारहरूको तथ्यांकलाई विश्लेषण गर्दा अस्थायी आवास तथा गैरखाद्य सामग्री ५ हजार घरपरिवारलाई सहयोग गर्नुपर्ने पूर्वानुमान गरी यस वर्षको विपद् प्रतिकार्य पूर्वतयारी योजना निर्माण गरिएको छ । विपद्बाट संभावित असरहरू यस प्रकार रहने छन् ।

- कोभिड १९ को प्रभाव तथा संक्रमणको बृद्धिसँगै बिभिन्न बिकासमूलक कार्य, शिक्षा तथा जिबिकोपार्जनमा असर पुऱ्याई मानवको दैनिक जिवनमा समस्या,
- सार्वजनिक पूर्वाधारको क्षति (सडक, पुल, विद्युत् आपूर्ति, सञ्चार)
- आवासको, केटाकेटी, महिला, वृद्धवृद्धा, अपाङ्गता भएकाहरू, विस्थापन तथा व्यक्तिगत सरसामानहरूमा क्षति ।
- विद्यालय, प्रहरी चौकी तथा स्वास्थ्य केन्द्रहरू, सार्वजनिक भवन, सामुदायिक आश्रय स्थल जस्ता सार्वजनिक संरचनाहरूमा विस्थापित मानिसहरूको बसोवासको लागि दबाव पर्ने ।
- सार्वजनिक स्थानहरूमा अस्थायी आवासको रुपमा उपयोग गरिदा सामुदायिक स्वास्थ्य सम्बन्धी चुनौतीहरू हुने देखिन्छ ।

उद्देश्य:

- विपद्बाट पूर्ण रुपमा प्रभावित हुनसक्ने पूर्वानुमान गरिएका ५००० परिवारलाई तत्काल अस्थायी आवासको कोभिड १९ को संक्रमण र यसको रोकथामका लागि गरिने सावधानीहरुलाई अवलम्बन गर्दै विपद् प्रभावित व्यक्ति/परिवारहरूका लागि समयमा नै राहत प्रतिकार्य समूहको पहूँच सुनिश्चित गरी गैरखाद्य सामग्रीको उपलब्धता तथा स्थानीय स्तरमा उपलब्ध सुरक्षित स्थलहरूमा अस्थायी आवसको व्यवस्था गरी विपद्को अवस्थाबाट जनजीवन सामान्य बनाउने ।
- व्यवस्था गर्ने र आवश्यकता एवं श्रोतको उपलब्धताको आधारमा गैरखाद्य सामग्री उपलब्ध गराउने ।
- अस्थायी वासस्थानको लागि उपयुक्त स्थलको पहिचान गरी आवश्यकताका आधारमा विपद्मा परेका व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्ने । यथासम्भव यस प्रक्रियामा बढीभन्दा बढी समुदाय स्वयंको तथा स्वयम व्यवस्थापन (Self-management) लाई प्रोत्साहित गरिनेछ ।

विषयगत क्षेत्रका सदस्य संस्थाहरुको सम्पर्क विवरण:

सि.नं.	संस्थाको नाम	सम्पर्क बिवरण			इमेल
		सम्पर्क व्यक्ति	फोन का.	मोबाइल नं.	
१	शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वन इकाइ	सुवास बस्नेत	५२०२६४	९८५८०२०२६४	dudbcnepalgunj@gmail.com
		होमनाथ भुषाल	५२०२६४	९८५८०२६३३६	fpiubanke@gmail.com
२	नेपाल रेडक्रस सोसाइटी	दोलख ब.डाँगी	५२०१०४	९८५८०२०९५९	dolakh.dangi@gmail.com
३	जिल्ला समन्वय समिति	रेखा श्रेष्ठ	५२०३३०	९८४८०२०७०१	rekha.shrestha2020@gmail.c
४	युनिसेफ	राजेश सारु	५५०००८	९८५११५९१३५	rsmagar@unicef.org
५	प्लान नेपाल	केशव सुवेदी	५२२००३,	९८४८०२०६१२	keshav_raj.subedi@plan-
६	फुल कुमारी थारु	सेभ द चिल्ड्रेन	५२५७४३	९८६८४०४९७५	phul.chaudhary@savethechil
७	केयर नेपाल	किशोर गन्दर्भ	५४१८७५	९८५१०५२१७७	kishwor.gandharba@care.org

८	आरआरएन	बिनोद शर्मा	५५०५९२	९८५७८३५२५४	binod.sharma@gmail.com
९	वेश बाँके	संगिता चौधरी	५२४४५७	९८५८०४०८९	chaudharysangita01@gmail.c
१०	बि ग्रुप	दिनेश चौधरी	५५०२९५,	९८४८०२२४९३	mailfordinesh@gmail.com
११	आई.एन.एफ.	नरेन्द्र साउद	५२१५९७	९८५८०२०३८९	district.incharge@banke.nepa
१२	एक्सन एड	प्रेम चौधरी		९८६८२१३०३७	prem.chaudhary@actionaid.o
१३	जिल्ला आपतकालिन	गौरीलाल	५२७०६८	९८५८०२७५५१	deocbanke@gmail.com,

विपद् प्रतिकार्य योजना

विपद् पश्चातको अवधि	विपद्को अवस्थामा गरिने आपत्कालीन कार्य	आपत्कालीन अवस्थामा गरीने पूर्वतयारी कार्य	पूर्वतयारी कार्य सम्वोधन गर्न नपुग श्रोत पहिचान	मुख्य जिम्मेवार निकाय
पहिलो दिन	विपद् प्रभावको सूचना स्थानीय स्वयंसेवकबाट सङ्कलन	संभावित विपद् जोखिम स्थानमा संचार संयन्त्र स्थापना गर्ने	कुसुममा स्थापित जल मापन केन्द्रमा संचार संयन्त्र स्थापना गरिएको ।	जिल्ला विपद् व्यवस्थापन समिति
	जिल्ला विपद् व्यवस्थापन समितिको आकस्मिक बैठकको आयोजना	समितिका सदस्यहरू एवं सरोकारवाला निकायहरूको सम्पर्क व्यक्ति चयन गर्ने	गरि सकिएको	जिल्ला विपद् व्यवस्थापन समिति र सम्बन्धित निकायहरु
	विपद् प्रतिकार्य समूह सदस्यहरूलाई संचार	Assessment team members, DDRT, FA प्रशिक्षण प्राप्त स्वयंसेवकहरूको अद्यावधिक तथ्यांक राख्ने,	गरी सकिएको	DDMC, DUDBC,FPIU, NRCS
दोस्रो दिन	विषयगत क्षेत्रको बैठक	सदस्यहरूको सम्पर्क अद्यावधि गर्ने	भैसकेको	DUDBC,FPIU, /NRCS
	द्रुत लेखाजोखा सम्बन्धी अभिमुखीकरण आयोजना	लेखाजोखा फाराम छपाई तथा विपद् प्रतिकार्य टोली निर्माण गर्ने	DDRT समूहलाई तत्कालिन परिस्थितिका बारेमा अभिमुखीकरण गर्नुपर्ने	DDMC, DUDBC,FPIU, NRCS
	द्रुत लेखाजोखा टोली परिचालन एवं प्रारम्भिक सूचना संकलन ।	उपयुक्त यातायात तथा संचारका साधन एवं बन्दोवस्तीका सामग्रीहरूको व्यवस्था	यातायात तथा बन्दोवस्तीका सामग्रीहरू प्रयाप्त नभएको	DDMC, DUDBC,FPIU, NRCS
	प्राप्त सूचनाको विश्लेषण तथा सहायता परिचालन गर्ने ।	DEOC बाट प्रारम्भिक तथ्यांक प्राप्त भएपछि DDMC को निर्णयानुसार विश्लेषणको क्षेत्र सदस्यहरूको बैठक	क्षेत्र सदस्यहरूको सम्पर्कसूची तयार रहेको ।	DDMC, DUDBC,FPIU, NRCS
	विपद् प्रभावको आधारमा अस्थायी आवासको लागि त्रिपाल र खाना पकाउने भाँडावर्तन तथा उपलब्ध भएसम्म अन्य घरायासी सामग्री वितरण गर्ने ।	प्रभावित परिवारका लागि गैरखाद्य सामग्री मौज्दात गर्ने ।	तत्कालिन अवस्थामा आवासको लागि अतिरिक्त त्रिपाल, गुन्द्री एवं भाडाँवर्तन नभएको	DDMC, DUDBC,FPIU, NRCS

विपद् पश्चातको अवधि	विपद्को अवस्थामा गरिने आपत्कालीन कार्य	आपत्कालीन अवस्थामा गरीने पूर्वतयारी कार्य	पूर्वतयारी कार्य सम्वोधन गर्न नपुग श्रोत पहिचान	मुख्य जिम्मेवार निकाय
पहिलो हप्ता	गैरखाद्य सामग्री आवश्यकता पहिचानको लागि विस्तृत (घरधुरी) सर्वेक्षण गर्ने	सर्वेक्षण टोलीलाई अभिमुखीकरण तथा फाराम छपाई र बन्दोवस्तीका सामग्री ब्यवस्था गर्ने	DDRT समूहलाई तत्कालिन परिस्थितिका बारेमा अभिमुखीकरण गर्नुपर्ने ।	DDMC, DUDBC,FPIU, NRCS
	गैरखाद्य सामग्री सेट पूर्ण प्रभावित घरपरिवारलाई वितरण गर्ने ।	वितरण टोली (DDRT) लाई अभिमुखीकरण एवं सामग्री वितरण	३६९६ सेट सामग्री नपुग ।	नेपाल रेडक्रस सोसाइटी
पहिलो महिना	गैरखाद्य सामग्री वितरण कार्य निरन्तरता	वितरण टोली (DDRT) लाई अभिमुखीकरण	भैसकेको ।	नेपाल रेडक्रस सोसाइटी
	गैरखाद्य सामग्री वितरण तथा प्रयोगको सुचिश्चिताको अनुगमन	अनुगमन टोलीको ब्यवस्था एवं अनुगमन सूची निर्माण	अनुगमन सूची र टोली निर्माण गर्नुपर्ने ।	DDMC, DUDBC,FPIU, NRCS
